# परिच्छेद-एक
# अध्ययनपत्रको परिचय

१.१. **अध्ययनशीर्षक** :- प्रस्तुत अध्ययनपत्रको शीर्षक 'कुहिराको कम्बल कविता-संङ्ग्रहभित्र प्रयोग भएका उखान र टुक्काहरूको अध्ययन' रहेको छ ।

१.२. **अध्ययनकार्यको प्रयोजन** :- प्रस्तुत अध्ययनकार्य त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत 'रत्नराज्यलक्ष्मी क्याम्पस' प्रदर्शनी मार्ग, काठमाडौँको स्नातकोत्तर तह दोस्रो वर्ष नेपाली विषयको दशौँ पत्रको आंशिक परिपूर्तिका लागि तयार गरिएको छ ।

१.३. **विषय परिचय** :- पह्लाद पोखेल (वि.सं २०१४) नेपाली साहित्यमा उदीयमान कवि हुन् । उनका आठवटा काव्यकृतिहरू प्रकाशित भएका छन् । 'कुहिराको कम्बल' (२०६२) उनको सातौँ पुस्तकाकार कृति हो । यसमा एकचालीसवटा फुटकर कविताहरू सङ्ग्रहित छन् । बिभिन्न परिवेश, विषय र शीर्षकमा लेखिएका उक्त कवितामा बिभिन्न बिम्ब र प्रतीकको माध्यमबाट कलात्मक शैलीमार्फत आफ्ना गहन भावलाई प्रस्तुत गरिएको छ । कविता सिद्धान्तले तय गरेका कविताका तत्त्वहरूको आधारमा समष्टिगत रूपमा र विभिन्न कविताहरूमा प्रयुक्त उखान र टुक्काहरूको अध्ययन विश्लेषण गर्ने काम यस अध्ययनपत्रमा भएको छ ।

१.४. **समस्याकथन** :- आधुनिक नेपाली कविताको फाँटमा प्रह्लाद पोखेल काव्यसाधनमा निरन्तर लागिरहने सक्रिय कवि हुन् । उनका कवित्वका बारेमा हालसम्म दुई शीर्षक अन्तर्गत शोधकार्यहरू भइसकेका छन् । २०६२ सालमा प्रकाशित 'कुहिराको कम्बल' उनको गद्य कविताहरूको सङ्ग्रह हो जसको सम्पूर्ण अध्ययन हालसम्म भएको छैन । तसर्थ निम्न लिखित प्रश्नहरूको खोजीलाई यस अध्ययनपत्रको समस्या कथनका रूपमा अघि सारिएको छ :-

(क) गद्य कविका रूपमा प्रह्लाद पोखेल कुन स्तरका कवि हुन् ?

(ख) 'कुहिराको कम्बल' मा कस्ता उखान र टुक्काहरूको प्रयोग भएका छन् ?

(ग) 'कुहिराको कम्बल' सङ्ग्रहभित्रका कवितामा कलापक्षको स्थिति के छ ?

(घ) नेपाली कविता साहित्यको सन्दर्भमा 'कुहिराको कम्बल' को स्थान कहाँ छ ?

१.५. **अध्ययनकार्यको उद्देश्य** :- प्रस्तुत अध्ययनकार्यका उद्देश्यहरू निम्नानुसार रहेका छन् :-

(क) गद्य कविका रूपमा प्रह्लाद पोखेल कुन स्तरका कवि हुन् भन्ने निरूपण गर्नु,

(ख) 'कुहिराको कम्बल' कवितासंङ्ग्रहमा कस्ता उखान र टुक्काहरूको प्रयोग भएका छन् भनी अध्ययन गर्नु ।

(ग) 'कुहिराको कम्बल' सङ्ग्रहभित्रका कवितामा कलापक्षको स्थितिको मूल्याङ्कन गर्नु,

१.६. **पूर्वकार्यको समीक्षा** :- नेपाली साहित्यको क्षेत्रमा प्रह्लाद पोखेल एक उल्लेखनीय नाम हो । उनले फुटकर कवितादेखि खण्डकाव्यसम्म आफ्नो कलम चलाएका छन् । प्रस्तुत 'कुहिरोको कम्बल' उनको सातौँ प्रकाशित कृति हो । यस कृतिका बारेमा त्यति धेरै विद्वान तथा साहित्यकारहरूले टिप्पणी तथा चर्चा परिचर्चा गरेका छैनन् । उपलब्ध प्रतिनिधि विचारहरूलाई कालक्रमिक रूपमा यहाँ प्रस्तुत गरिएको छ :-

**डा.राजेन्द्र विमल-२०६१ कार्तिक, 'कुहिराको कम्बल' भूमिका खण्डमा** भन्छन् :- "कवि प्रह्लाद पोखेल नेपाली जीवन र मनका दुर्लभ चित्रकार हुन् । उनका खुला आँखाले सुन्दर असुन्दर स्वीकृत विकृत, सत्य असत्य सबैलाई हेर्न सक्छन् । त्यही जीवन सत्यलाई 'कुहिराको कम्बल' सङ्ग्रहमा शब्दाङ्कित गरेका छन् ।"

**भगवती ज्ञवाली २०६१ अध्ययनपत्र 'प्रह्लाद पोखेलको कृतित्वको विश्लेषण' :-** 'प्रह्लाद पोखेलको कृतित्वको विश्लेषण' शीर्षकको अध्ययनपत्रमा ज्ञवालीले पोखेलको 'कुहिराको कम्बलको सर्सर्ती मात्र अध्ययन गरेकी छन् ।

**प्रह्लाद पोखेल-२०६२'कुहिराको कम्बल' भूमिका खण्डमा** उक्त सङ्ग्रहको बारेमा आफै भन्छन् "प्रायः ग्रामीण परिवेशलाई आधारभूमि बनाएर यथार्थपरक भावनाको अभिव्यक्तितर्फ उन्मुख हुने जमर्को यस सङ्ग्रहमा गरेको छु ।"

**शैलेन्दुप्रकाश नेपाल- 'मधुपर्क' २०६३ पुसमा** 'कुहिरो कम्बल' पुस्तक समीक्षामा नेपाल लेख्छन् 'नेपालको प्राकृतिक, सांस्कृतिक राजनीतिक एवम् कष्ठसाध्य ग्रामीण जनजीवनको मार्मिक चित्र प्रस्तुत सङ्ग्रहमा गरिएको छ ।'

यसरी हेर्दा 'कुहिराको कम्बल' सङ्ग्रहको बारेमा अति कम टिप्पणी भएको छ ।

१.७. **अध्ययनकार्यको औचित्य** :- आधा दर्जन भन्दा बढी काव्यकृतिको प्रकाशनबाट परिपक्कव भइसकेका कवि प्रह्लाद पोखेलको कवित्वको विश्लेषण र मूल्याङ्कनको लागि सबैभन्दा भरपर्दो कृतिका रूपमा 'कुहिराको कम्बल' नै देखिन्छ । प्रायः छन्दोबद्व कविता लेख्ने कवि पोखेलका लागि यो गद्य कवितासङ्ग्रह अरू भन्दा भिन्न विशेषतायुक्त कविता कृति हो । गद्य कविका रूपमा कवि पोखेलको कवित्व कुन स्तरको छ भनी अध्ययन गरिनु नेपाली कविता साहित्यमा आवश्यक भइसकेको छ । यी सबै जिज्ञासाको समाधान गर्ने उद्देश्यले तयार गरिएको प्रस्तुत अध्ययनपत्र स्वतः औचित्यपूर्ण देखिन्छ ।

**१.८. अध्ययनकार्यको सीमाङ्कन** :- कवि प्रह्लाद पोखेलले 'आजको आकाश', 'गीतियात्रा' 'जीवन्त यात्रा', 'गोसाइँकुण्ड', 'सारथी', 'खोटाङ डायरी', 'कुहिराको कम्बल' र 'आजको आकाश' जस्ता आठवटा कृति लेखिसकेका छन् । यी मध्ये कुहिराको कम्बललाई कविता तत्त्वहरूमा आधारित रही विवेचना गरी सो कृतिको स्थान निर्धारण गर्नु र यसमा प्रयुक्त उखान र टुक्काहरूको अध्ययन गर्नु यस अध्ययनपत्रको सीमा रहेको छ ।

**१.९ अध्ययन विधि :-** प्रस्तुत अध्ययन कार्य गर्ने क्रममा सामग्री सङ्कलन गर्नका लागि पुस्तकालयको पूर्ण उपयोग गरी विश्लेषणात्मक अध्ययन पद्धतिको प्रयोग गरिएको छ ।

**१.१०. अध्ययनपत्रको रूपरेखा** :- अध्ययन विश्लेषण पश्चात् तयार पारिएको अध्ययन पत्रको परिच्छेद विभाजनका मुख्य शीर्षकहरू निम्नानुसार रहेका छन् :-

(क) **परिच्छेद एक** :- अध्ययनपत्र परिचय

(ख) **परिच्छेद दुई**:- कवि प्रह्लाद पोखेल र उनको कुहिराको कम्बल कवितासङ्ग्रहको अध्ययन विश्लेषण

(ग) **परिच्छेद तीन** :- प्रवृत्तिगत आधारमा कुहिराको कम्बलको विश्लेषण

(घ) **परिच्छेद चार** :- उपसंहार

प्रस्तुत अध्ययनपत्रलाई मुख्यतः उपर्युक्त चार परिच्छेदमा विभाजन गरी आवश्यकतानुसार शीर्षक उपशीर्षकहरूमा विभाजन गरी प्रस्तुत गरिएको छ । शोधकार्यमा प्रयोग गरिएका पुस्तक एवम् शोधपत्रहरूको सूचीलाई सन्दर्भग्रन्थ-सूची अन्तर्गत शीर्षकमा राखिएको छ ।

# परिच्छेद-दुई

# कवि प्रह्लाद पोखेल र उनको 'कुहिराको कम्बल' कवितासङ्ग्रहको अध्ययन विश्लेषण

## २.१. कवि प्रह्लाद पोखेलको संक्षिप्त परिचय

### २.१.१. जन्म र जन्मस्थान

मिलनसार, परिश्रमी तथा स्वाभिमानी प्रह्लाद पोखेल पिता नवराज पोखेल र माता शेषकुमारी पोखेलका जेष्ठ सुपुत्रका रूपमा वि.सं. २०१४ कार्तिक १२ गते खोटाङको रावा कुभिण्डेमा जन्मेका हुन् । खोटाङमा जन्मे पनि तेऱ्हथुम हुँदै हाल काठमाडौँको बौद्धबाट आफ्ना जीवनका यात्राहरू अघि बढाउँदै छन् । परिवार सङ्ख्याको हिसावले मध्यम परिवारमा जन्मेका पोखेलको जीवन उर्वर जीवन हो । संभवत खोटाङ पनि एउटा उर्वर भूमि भएकाले होला जहाँ प्रशस्त अन्न र फलफूलहरू मात्र होइन सिर्जनाकारहरू पनि जन्मेका छन्  जस्तै : मोहनप्रसाद रेग्मी, छविलाल अधिकारी, देवीप्रसाद भट्टराई, शरदकुमार भट्टराई यज्ञनिधि दाहाल, शिवकुमार राई, डा. माधव भट्टराई जस्ता प्रतिभाशाली साहित्यकारहरू रहेका छन् ।

### २.१.२. शिक्षा

प्रह्लाद पोखेलले ६ वर्षको उमेरमा हजुरबुबा चुडामणिबाट अक्षराम्भ गरेका हुन् भने सात वर्षको उमेरदेखि भोजपुरको गोगनेमा अवस्थित विद्येश्वरी संस्कृत पाठशालाबाट औपचारिक शिक्षा प्रारम्भ गरे । निम्न माध्यमिक तहसम्मको शिक्षा त्यहाँ पढेपछि माध्यमिक तहको शिक्षा (८-१०) सुनसरीको धरानमा अवस्थित पिण्डेश्वरी संस्कृत विद्यालयबाट पूरा गरे । २०३० सालमा पूर्व मध्यमा गरेपछि २०३५ सालमा प्रविणता प्रमाण पत्र, २०३८ सालमा स्नातक र २०४० सालमा स्नातकोत्तरका परीक्षाहरू सबै प्राइभेटरूपमा नै उत्तीर्ण गरेका हुन् । यसरी पह्लाद पोखेलले कलेज तथा विश्वविद्यालयको नियमित अध्ययन विना नै उच्च शिक्षा हासिल गरेको देखिन्छ । आफूले प्राप्त गरेको शिक्षालाई साहित्यका माध्यमबाट र शिक्षणका माध्यमबाट अरू सामु प्रस्तुत गर्ने कार्य अद्यावधी जारी छ ।

### २.१.३. प्रह्लाद पोखेलका रचनाहरू

वि.सं. २०३० सालमा 'नेपाल' पत्रिकामा प्रकाशित 'वसन्त' नामक कविता लेखी साहित्य यात्रा प्रारम्भ गरेका पोखेलले हालसम्म फुटकर कवितादेखि खण्डकाव्य/यात्राकाव्य सम्म कलम चलाएका छन् । सरल भाषाशैलीमा जीवनका विभिन्न भोगाइहरू र समाजका पक्षहरूलाई उजागर गर्ने कलामा पोखेल खप्पिस छन् । सङ्ख्यात्मकरूपमा उनका रचनाहरू कम भए पनि गुणात्मकरूपमा भने कम छैनन् । कविता विधामा मात्र हात हालेका पोखेलले

२०३० सालदेखि २०६४ सालसम्म आइपुग्दा आठवटा पुस्तकाकार कृतिहरू प्रकाशित गर्न सफल भइसकेका छन् । खासमा उनी पद्य कवि हुन् : उनी छन्दमा कविता लेख्न रूचाउँछन् । 'आजको आकाश' (संयुक्त कवितासङ्ग्रह) २०४२, 'गीतियात्रा' (गीति कविता-सङ्ग्रह)-२०५१, जीवन्त यात्रा (कवितासंङ्ग्रह)-२०५२, गोसाइँकुण्ड (यात्राकाव्य/ खण्डकाव्य)-२०५६, 'सारथि' (कवितासङ्ग्रह)-२०५८, 'खोटाङ डायरी' (डायरी काव्य/ खण्डकाव्य)-२०६१, 'कुहिराको कम्बल' (कवितासङ्ग्रह)-२०६२ र आजको आकाश (संयुक्त कवितासङ्ग्रह)-२०६३, उनका प्रकाशित रचनाहरू हुन् । जागिर खाने सिलसिलामा विभिन्न ठाउँहरूमा जाँदा आफूले देखेका भोगेका हरेक ठाउँ र विषयलाई हुवहु तथा यथार्थपरक ढङ्गले प्रस्तुत गरी पाठकको मन जित्नु उनको विशेषता हो ।

## २.२.'कुहिराको कम्बल' कवितासङ्ग्रहको अध्ययन विश्लेषण

### २.२.१. परिचय

प्रस्तुत 'कुहिराको कम्बल' कवितासङ्ग्रह कवि प्रह्लाद पोखेलको सातौँ पुस्तकाकार कृतिका रूपमा २०६२ सालमा प्रकाशित भएको हो । कवि पोखेलले यस सङ्ग्रहमा ४१ वटा कविताहरू समावेश गरेका छन् । उनका कविताहरू सरल, छोटा, मिठासपूर्ण र तत्काल प्रभाव पार्ने खालका छन् । ९६ पृष्ठ  सङ्ख्यामा रहेको उक्त सङ्ग्रहलाई यहाँ विभिन्न कोणबाट विश्लेषण गरिन्छ ।

### २.२.३. शीर्षक

प्रत्येक कृतिलाई पहिचानका लागि जुन संज्ञा दिइएको हुन्छ त्यो नै शीर्षक हो । नामकरण आ-आफ्नै किसिमले गरिए पनि त्यसको कृतिसँग कुनै न कुनै रूपले सम्वन्ध राखिएको हुन्छ । त्यो सम्वन्ध कृतिसँग सोझै, व्यतिरेकी वा प्रतीकात्मक किसिमले पनि हुन सक्छ । जे भए पनि कृतिलाई चिनाउन शीर्षकको महत्वपूर्ण स्थान रहेको हुन्छ ।

प्रह्लाद पोखेलले आफ्नो कवितासंङ्ग्रहभित्रका कवितामा शीर्षक विभिन्न आधारमा राखेका छन् । मूलतः विषयवस्तुका आधारमा राखिएका शीर्षकहरू निक्कै छन् । त्यस्तै प्रतीकात्मक अर्थ दिने र पात्रका आधारमा शीर्षक राखिएका कविताहरू पनि प्रशस्त पाइन्छन् । प्रस्तुत 'कुहिराको कम्वल' सङ्ग्रहको शीर्षक नै प्रतीकात्मक छ । कुहिरो र कम्वल नितान्त फरक अर्थ दिने शब्दहरू हुन् । वास्तविक जीवनमा कुहिराको कम्वल हुन सक्दैन । यी दुई शब्दमा षष्ठी विभक्तिको चिन्ह 'को' लागेर बनेको 'कुहिराको कम्बल' शीर्षकले निर्धनता तथा गरिवलाई इङ्गित गरेको छ । नेपाली समाजमा रहेको विकृति आर्थिक विषमता, हत्या, अत्याचार जस्ता विषयवस्तुलाई आधार मानी लेखिएका एकचालीस कविताहरूको सङ्ग्रह 'कुहिराको कम्बल' शीर्षक सङ्ग्रह भित्रकै एउटा कविताको पनि शीर्षक हो । पोखेलका कवितामा शीर्षक कतै विषयवस्तुसँग त कतै पात्रसँग र कतै साङ्केतिक अर्थ दिने किसिमले

राखिएका छन् । विषयवस्तुको र पात्रको आधारमा शीर्षक राखिएका कविताहरू :- 'हालचाल', 'प्रजातन्त्र', 'रमिते', 'तिमीलाई कस्तो मन पर्छ कविता' 'गाउँमा', 'सहरमा', 'धिक्कार !!!', 'चेतबहादुर' आदि हुन् । प्रतीकात्मक शीर्षक राखी लेखिएका कविताहरू पनि प्रशस्त छन् जस्तै : 'यस पल्टको जाडो', 'नेता र जनता', 'उँभोतिर', 'कुहिराको कम्बल', 'एउटा सानो नेपाल', 'रोइरहेको माटो', 'कुवाको ब्याङ' आदि हुन् । उनले उखानलाई पनि कविताको शीर्षकको रूपमा लिएका छन् त्यो हो 'जिउँदाको जन्ती न मर्दाको मलामी' । प्रश्नका स्तरमा लेखिएका कविताका शीर्षकहरू 'त्यो को हो ? ' म किन लेख्छु ?' तिमी आयौ या आएनौ, हुन् ।

यसरी हेर्दा प्रह्लाद पोखेलका कविताका शीर्षकमा विविधता पाइन्छ । कतै प्रतीकात्मक, कतै सामाञ्जस्यका आधारमा त कतै पात्रका आधारमा शीर्षक दिने गरेको पाइन्छ ।

**२.२.४. आयाम**

आयामको शाब्दिक अर्थ 'वस्तुको लमाइ चौडाइ र मोटाइमध्ये कुनै एक थोक हो ।'[१] आयाम भन्नाले सामान्यतया विस्तार वा फैलावट भन्ने बुझिन्छ । कविताको आयाम भन्नाले कविता कति फैलिएको छ वा कति लामो  छ भन्ने बुझिन्छ । 'कुनै कविताको आयाम भन्नु कथ्य श्रव्य स्तरमा प्रथमतः त्यस कृतिको कथन श्रवणकालको लमाई नै हो र त्यो मुख्यतः कालिक (समयगत) मापन हुने गर्दछ ।'[२] गद्य कवितालाई अनुच्छेद र हरफका आधारमा मापन गरिन्छ । भने पद्य कविताहरूलाई श्लोकका आधारमा मापन गरिन्छ । यहाँ पोखेलका गद्य कविताहरूलाई शब्द हरफ र अनुच्छेदका आधारमा मापन यसरी गर्न सकिन्छ ।

आयामगत दृष्टिले हेर्दा प्रह्लाद पोखेलका कविताहरूमा एकरूपता देखिदैन । केही साह्रै छोटा छन् भने कोही लामा छन् । उक्त सङग्रहमा एक अनुच्छेददेखि नौ अनुच्छेदसम्म विस्तार भएका कविताहरू छन् । 'कलिलो संचेतना" , "सम्प्राप्ति-शिखर", "धरहरा", "गतिशील गङ्गा" आदि एक अनुच्छेदमा लेखिएका कविताहरू हुन् । चार-पाँच अनुच्छेदसम्म विस्तार भएका कविताहरू धेरै छन् : जस्तै "चेतबहादुर", "कुहिराको कम्बल", "सगरमाथाकी छोरी", "गाउँमा", "धिक्कार", "प्रजातन्त्र" आदि । त्यस्तै बढीमा नौ अनुच्छेदसम्म लेखिएका कविता पनि छ त्यो हो "म किन लेख्छु", अधिकांश कविताहरू २८ देखि ४४ हरफसम्मका छन् भने कम्तिमा ११ हरफ र बढीमा ६४ हरफसम्मका कविताहरू छन् । ६४ हरफ भएपनि शब्द सङ्ख्यामा भने ३५४ मात्र छ । ११ हरफको सबै भन्दा छोटो कवितामा ४० शब्द सङ्ख्या छ ।

१. बृहत् नेपाली शब्दकोश, (काठमाडौं ने.रा.प्र.प्र. कमलादी-२०६०) पृ.सं. १०७
२. वासुदेव त्रिपाठी र अन्य (सम्पा.) *नेपाली कविता* भाग ४ ते.संस्क. (ललितपुरः साझा प्रकाशन २०५४) पृ.सं. २१

कविताका शीर्षकलाई हेर्दा एक शब्ददेखि पाँच शब्दसम्म फैलिएका कविता शीर्षकहरू छन् । एक शब्दे शीर्षकका कविताहरू “हालचाल”, “धिक्कार”, “प्रजातन्त्र” आदि हुन भने दुई शब्दे शीर्षकका कविताहरू “यसपल्टको जाडो”, “आकांक्षाका घोडा” “यात्राको तयारी” आदि हुन् । त्यस्तै, “रातो रगत र पानी स्वरूप”, “जिउँदाको जन्ती न मर्दाको मलामी”, आदि पाँच शब्दे शीर्षकका कविताहरू हुन् ।

यसरी प्रह्लाद पोखेलका कविताहरूलाई आयामका दृष्टिले हेर्दा छोटा वा लघु रूपका छन् भन्न सकिन्छ । छोटो वसाइमा नै पढेर सकिने खालका छन् ।

कवि पोखेलका केही कविताहरूलाई आयामगत रूपमा यसरी तालिकामा देखाउन सकिन्छ

| शीर्षक | अनुच्छेद | हरफ | शब्द |
|---|---|---|---|
| **एक शब्दे शीर्षक** | | | |
| हालचाल | ४ | ५० | २१५ |
| धिक्कार | ३ | ४१ | १४३ |
| प्रजातन्त्र | ४ | ४८ | १५६ |
| रमिते | २ | ३३ | १२३ |
| चेतबहादुर | ४ | ४४ | १९० |
| सहरमा | ६ | ४५ | ७४ |
| धरहरा | १ | १३ | ४७ |
| **दुई शब्दे शीर्षक** | | | |
| यस पल्टको जाडो | ३ | ३९ | १५२ |
| आकांक्षाको घोडा | २ | २७ | ७४ |
| यात्राको तयारी | २ | ३४ | १२१ |
| तिमी जान्दैनौ | ३ | २३ | ९० |
| **तीन शब्दे शीर्षक** | | | |
| नेता र जनता | २ | २६ | ११४ |
| त्यो के हो ? | ६ | ४१ | २०५ |
| सातो हराएको मान्छे | ३ | ६४ | २२४ |
| **चार शब्दे शीर्षक** | | | |
| तिमी आयौ या आएनौ | ३ | ३८ | १४९ |
| एउटा तारा ओझेल पर्दा | ५ | ५१ | १६८ |
| **पाँच शब्दे शीर्षक** | | | |
| रातो रगत र पानीको स्वरूप | ४ | ४१ | १६७ |
| जिउदाको जन्ती न मर्दाको मलामी | २ | २६ | १३२ |
| म अहिले कविता लेख्न सक्तिन | ५ | ४९ | २१३ |

### २.२.५. बिम्बविधान

'कुनै कृतिमा मुख्य कथ्य अर्थको सहचर प्रतिच्छायाका रूपमा आउने अर्को सहप्रस्तुत वा सहवर्ती अर्थ बिम्ब हो ।"[३] सामान्यतया : बिम्ब भन्नाले प्रतिमूर्ति वा प्रतिमा भन्ने बुझिन्छ । विधान भनेको बिम्बहरूको सृजना गर्ने काम हो । जीवन जगत्का विविध सन्दर्भ सामग्रीबाट बिम्ब विधान हुन सक्छ र अर्थालङ्कारहरू बिम्बविधानकै उपक्रम हुन् । विभिन्न व्यक्ति, पशुपन्छी प्रकृति बिम्बका स्रोतहरू हुन् ।

कवि प्रह्लाद पोखेल आफू र आफ्नो वरिपरिको परिवेशलाई बिम्बका स्रोत बनाउन सक्ने कविका रूपमा देखिएका छन् । उनले कवितामा उपस्थित गराएका बिम्बहरूले देशको विसङ्गति, विकृति, असमानता, गरिवी जस्ता यथार्थ कुराहरूको चित्र खिच्न सफल छन् । कतिपय शीर्षक नै बिम्बात्मक छन् जस्तै : धरहरा, गतिशील गङ्गा, कुहिराको कम्बल, लालीगुराँस आदि । उनले प्रकृति, जनावर, व्यक्ति, वस्तु आदिलाई बिम्बका स्रोत मानेर त्यहाँबाट टिपेका छन् । बिम्बहरूको संयोजनका दृष्टिले उनका कविताहरू उल्लेखनीय देखिन्छन् । जस्तै : 'रमिते' कवितामा

फूटपाथबाट टुँडिखेलभित्र
घोडा बड्काएको हेरिरहेछौ
सडकबाट टुँडिखेलभित्र
बन्दुक पड्काएको हेरिरहेछौ
एउटा तोपको खर्चले
हजारौं मान्छेको खाली पेट भरिन्थ्यो होला ।

धेरै मानिसहरूको भिडमा दुँडिखेलमा विशाल कार्यक्रम भइरहेको चित्र माथिको कवितांशमा आएको छ । कवितामा पढ्दा आफ्नो मस्तिष्कमा आफू त्यहाँ पुगेर हेरेको जस्तो भान हुन्छ कविता पढ्नसाथ भयानक परिस्थिति आए पनि रगतको खोलो बगे पनि, तोप र गोला वर्षे पनि जनता रमितेले जात्रा हेरे जस्तो टुलुटुलु हेरेर बसिरहने यथार्थताको उद्घाटन गर्न कवि सफल छन् । अनावश्यक काम हुँदा पनि मौन बस्ने चलन विद्यमान रहेको छ भनेर व्यक्त गर्न टुँडिखेलको विम्वलाई प्रस्तुत गरेका छन् । यो उनको सफल कवित्व क्षमता हो । जस्तै, 'चेतबहादुर' कवितामा

चेतबहादुर
छातीमा रगत जमाएर ढुङ्गा फोर्थ्यो
तर उसको ढुङ्गाको घर थिएन

---
३. ऐजन- पृ.सं. २०

थाप्लामा रौँ खुइलिने गरी
 मरिकुच्च आलुको भारी बोक्थ्यो
तर उसको आलु खेती थिएन ।

चेतबहादुरमा गरिव श्रमजीवी नेपालीको प्रतिबिम्ब झल्किन्छ । दिनरात अर्काको भारी बोकेर, पसिना चुहाउँदा पनि राम्रो लगाउन र मीठो खान नपाउने यथार्थ आज प्रशस्त भेटिन्छ । कविले चेतबहादुरलाई कवितामा ल्याएर आम गरिवको सचित्र वर्णन गर्ने प्रयास गरेका छन् । जसमा पोखेल अत्यन्त सफल छन् । त्यस्तै “आकांक्षाको घोडा” कवितामा

नसामा रगत हुनेहरू
खेल्छन् रगतको रातो होली
मुटुमा साहस हुनेहरू
थाप्छन् छातीमा तातो गोली

देशको राजनीतिक, आर्थिक, सामाजिक परिवर्तनका लागि या तमाम जनताहरूलाई हँसिलो बनाउन नसामा तातो र मनमा साहस लिएर आन्दोलन वा क्रान्तिमा होमिएको चित्र यहाँ प्रस्तुत भएको छ । आन्दोलनमा हेर्दाहेर्दै छातीमा तातो गोली लागेर शाहदत प्राप्त गरेको चित्र माथिको कवितांशमा आउँछ । यसरी आन्दोलनको वास्तविक रूपरेखा दिएर कवितामा व्यक्त गर्न खोजेको कुरा दिन कवि सफल भएकाले यहाँ उनको सजिव बिम्ब झल्कन्छ ।

### २.२.६. प्रतीकविधान

‘समान गुणका आधारमा दृश्य वा अदृश्य अन्य कुनै वस्तुको कल्पना गरी प्रतिबिम्बका रूपमा राखिएको बस्तु वा चिनु नै प्रतीक हो ।’[४] प्रतीकलाई दुई भागमा विभाजन गरिन्छ । एउटा पारम्परिक र अर्को मौलिक । मौलिक प्रतीकहरू कवि स्वयम्ले सिर्जना गर्छन भने पहिलादेखि चलि आएका प्रतीकहरू साझा हुन्छन र अर्थ बुझ्न गाह्रो पर्दैन । आफ्ना वरिपरि छरिएका बस्तुहरूलाई लेखकले प्रतीकका रूपमा प्रयोग गर्न सक्छन् ।

कवि पह्लाद पोखेल पारम्परिक शास्त्रीयतावादी सोच नराख्ने नयाँ नयाँ खोजमा लागिरहने तथा मौलिक प्रतीकहरूको सिर्जना गर्ने सजक कवि हुन् । तथापि उनले आफ्ना कवितामा पारम्परिक प्रतीकको प्रयोग नगरेका भने होइनन् । उनले आफ्नै वरिपरि छरिएर रहेका तथा अरूले वास्ता नगरेका बस्तुहरूलाई पनि प्रतीकका रूपमा प्रयोग गरेका छन् । वागमती र विष्णुमती पवित्र नदीका प्रतीक हुन् तर उनले कवितामा प्रदूषित नदीका रूपमा प्रस्तुत गर्दै नयाँ अर्थ दिएका छन् । जस्तैः ‘सहरमा’ कवितामा

---

४. बृहत् नेपाली शब्दकोश, (काठमाडौं ने.रा.प्र.प्र. कमलादी-२०६०) पृ.सं. ८२५

सहरमा

निकास थुनिएर जमेको छ रानीपोखरी

र मूल बन्द भएर सुकेको छ पानीपोखरी

ढलको सहायताले धन्य बन्न पाएको छ वागमती

पोखेलले कतिपय ठाउँमा परम्परागत प्रतीकलाई त्यही अर्थमा पनि प्रयोग गरेका छन् ; जस्तै-'उद्बोधनका प्रतिपक्षी' कवितामा

तिमी कृष्णको पछि लाग

वा कंसको अनुकरण गर

तिमी युधिष्ठिरलाई पछ्याऊ

वा दुर्योधनको अनुसरण गर

तर

मात्र आफ्नो निहित स्वार्थको वलिवेदीमा ।

कविले जङ्गलमा अचेल पशुपंक्षीहरू मात्र बस्दैनन्, त्यहाँ त पशुहरू भन्दा पनि निम्न र घृणित काम गर्ने सर्वभक्षीहरू वस्दछन् जसले गर्दा जङ्गली जनावरहरूको मात्र घर नाश भएको छैन । गाउँघरमा बस्ने मानिसहरूको समेत घर वस्ती नासिएको छ भन्ने यथार्थता प्रस्तुत गर्न गिद्द, कुकुर र ब्वाँसोलाई प्रतीकका रूपमा प्रस्तुत गरेर आफ्नो भनाइलाई ओजिलो बनाउन सफल छन् । कवि पोखेल 'जङ्गलमा अचेल' कवितामा छन्

दुर्गन्धित सिनु सुँघरे

त्यसमाथि झम्टिने गिद्दहरू छन्

चोक्टा लुछालुछ गर्दै

आफू आफूमै झगडा गर्ने कुकुरहरू छन्

छन्-

साढेको परिपुष्ट अण्डकोष देखेर

पछिपछि लाग्दै

न्याल चुहाउने ब्वाँसाहरू छन् ।

यसरी पोखेलले पुराना प्रतीकलाई कतै यथावत् त कतै नयाँ अर्थमा प्रयोग गरेर कविताको रचना गरेका छन् भने कतै मौलिक वा नयाँ प्रतीकलाई प्रयोग गरेर प्रस्तुत गरेका छन् । कंस, युधिष्ठिर, दुर्योधन, शालीग्राम, कालिगण्डकी, धरहरा, परेवा, कुकुर, स्याल, गिद्द वागमती, उर्लदो खहरे जस्ता प्रतीकको प्रयोगले अर्थमा गहनता थपेका छन् । उनको यहाँ कवित्त्व शक्ति तिखारिएको छ ।

अन्त्यमा के भन्न सकिन्छ भने कवि पोखेल विभिन्न खालका प्रतीकको प्रयोग गेर कविता रचना गर्न सक्ने सशक्त कवि हुन् । बेग्लै खालका बिम्ब उपस्थित गराउन र प्रतीकको प्रयोग गर्ने विशिष्टताले गर्दा अरू समकालीन कविहरूका तुलनामा उनका कविता उल्लेख भएका छन् ।

### २.२.७. भावविधान

भाव भन्नाले सामान्यतयाः त्यसको आशय वा अभिप्राय भन्ने बुझिन्छ । कविताको भाव भन्नु कविताले देखाउन खोजेको खास तात्पर्य वा आशय हो । समाजमा रहेका विभिन्न पक्षलाई साहित्यका विभिन्न माध्यमबाट बाहिर ल्याउन सकिन्छ । त्यसमध्ये कविता पनि एक हो । जीवन जगतका समग्र विषयवस्तु र मानव चेतनाको यावत् अनुभवपुञ्ज कवितामा अटाउन सक्छ ।

कवि प्रह्लाद पोखेलका कवितामा भाव गहन पाइन्छ । उनले समसामायिक घटना, राजनीतिक, आर्थिक, सामाजिक, विकृति विसङ्गति, अन्याय, अत्याचार असमानता जस्ता यावत पक्षलाई आफ्ना कवितामार्फत पाठकसामु प्रस्तुत गरेका छन् । कविले देशलाई सर्वनाश पारेर व्यक्तिगत स्वार्थ पूर्तिमा लाग्ने मानिसलाई 'धिक्कार' कवितामा धिकारेका छन् । राजनीतिक परिवर्तन हुँदा पनि आम जनताका समस्या जहाँको त्यही रही जनताहरूले दुःख खेप्नु परेको यथार्थ 'यसपल्टको जाडो' 'चेतबहादुर' कविताले दर्साउन खोजेका छन् । उनले कवितामा निराशावादी स्वर पनि पोखेका छन् । एउटा कविले स्वच्छ सफा, एवम् शान्त हृदय र मन मस्तिष्क लिएर मात्र कविता लेख्न सक्तछ तर अहिले वातावरण निकै उराठ् लाग्दो र कहाली लाग्दो मात्रै छ । समाजमा हत्या हिंसा, चोरी, डकैतीका घटनाहरू बढिरहेका छन् । त्यसैले म अहिले शान्त भएर कविता लेख्न सक्तिन भन्ने भाव 'म अहिले कवितामा लेख्न सक्तिन' मा व्यक्त गरेका छन् ।

यसरी प्रस्तुत सङग्रहमा विभिन्न विषय र भावका कविताहरू रहेका छन् । उत्साह र घृणाका भाव पोखिएका कविताहरूमा 'प्रजातन्त्र' 'आकांक्षाको घोडा', 'नेता र जनता' कविताहरू छन् । त्यस्तै कतिपय कवितामा कविले समसामायिक परिस्थितिप्रति पनि व्यङ्ग्य प्रहार गरेका छन् । वर्तमान मानिसहरू बुद्धि र चेतना हराएर विवेकहीन भएकोमा पनि कवि चिन्तित भएको भाव 'कुवाको व्याङ', 'हुम्लाको शिरमा' अनुदानमा माया', 'रमिते' कवितामा पाइन्छ । 'एउटा सानो नेपाल' 'सहरमा' 'लालीगुराँस' जस्ता कवितामा प्रकृतिप्रेम र राष्ट्रप्रेमको भाव अभिव्यक्त गरिएको छ ।

### २.२.८. विषयवस्तु

प्रस्तुत 'कुहिराको कम्बल' कविता एकचालीसवटा कविताहरूको सङ्ग्रह हो । यी कविताहरू सामाजिक, आर्थिक, राजनीति र समसामयिक विषयसँग सम्बन्धित छन् । मूलतः

समाजमा व्याप्त रहेको अन्याय, अत्याचार, भ्रष्टचार, हत्या, हिंसा, सामाजिक असमानता, जीवनशैली, अनिकाल जस्ता विषयमा केन्द्रित रही रचिएका कविताहरू धेरै छन् जस्तै : 'हालचाल', 'यसपल्टको जाडो' 'रमिते', 'चेतबहादुर', 'सहरमा', 'जङ्गलमा अचेल', 'हुम्लाको शिरमा', 'कुहिराको कम्बल', 'एउटा सानो नेपाल' आदि हुन् । यिनीहरूमा ग्रामीण जनजीवनका जीवन शैली, भौगोलिक विकटता र विषमताले भोग्नुपरेको कष्ट, राम्रो लगाउन र मीठो खान नपाएको पीडा, दैनिक सङ्घर्ष आदिसँग सम्बन्धित यावत विषय र पक्षलाई उतारिएको छ । त्यस्तै राजनीतिलाई विषयवस्तु मानी लेखिएका कविताहरू 'प्रजातन्त्र', 'नेता र जनता', 'स्वाभिमान !' हुन् । प्रकृतिसँग सम्बन्धित कविताहरू 'पानी र प्रकृति', 'रातो रगत र पानीको स्वरूप', 'लालीगुँरास' आदि हुन् । यसरी यस सङ्ग्रहमा विभिन्न विषयसँग सम्बन्धित कविताहरू रहेका छन् ।

### २.२.९. कथनपद्धति

कथनपद्धति भन्नाले रचनाकारले रचना गर्दा कुन पुरूषको कोणबाट रचना गरेको हो वा प्रथम, द्वितीय वा तृतीय कुन पुरूषको संबोधन गरी रचना गरेको हो भन्ने बुझिन्छ । कविता मूलतः आत्मालाप वा मनोलाप गर्ने भाषिक लयात्मक कथन कला हो , तापनि त्यस मनोलाप अभिव्यक्ति गर्ने श्रुतिरम्य कथन अपेक्षित नै हुन्छ ।"[५] कवि आफै सिधै कुनै कवितात्मक कथन गर्दछ भने त्यो कवि प्रौढोक्ति हो । साथै आत्मालापी कविले आफ्नै वस्तुपरक वा आत्मपरक कथ्य आफै गुन्गुनाउँदा पनि अप्रत्यक्षतः कसैप्रति (भावकप्रति) संवोधन गरी भन्छ र यो कथन खासगरी तृतीय पुरूष वा प्रथम पुरूष र कहिलेकाहीं द्वितीय पुरूषमा पनि कथित वा आत्मलापित हुनसक्छ ।

कवि प्रह्लाद पोखेलका कवितामा कुनै एक कथनपद्धतिको मात्र प्रयोग नभई मिश्रित कथनपद्वति प्रयोग भएको पाइन्छ । कतै प्रथम पुरूष केन्द्रित कतै द्वितीय र थोरै कवितामा तृतीय पुरूषको प्रयोग भएको पाइन्छ । प्रथम र द्वितीय पुरूष मिश्रित र फाट्टफुट्ट प्रथम र तृतीय पुरूष मिश्रित कथनपद्धतिको प्रयोग भएका कविताहरू पाइन्छन् । 'हालचाल', 'रमिते', 'सहरमा', 'पानी र प्रकृति' जस्ता एघारवटा कवितामा प्रथम पुरूषको प्रयोग गरिएको छ भने 'धिक्कार', 'प्रजातन्त्र', 'सगरमाथाकी छोरी', 'तिमी जान्दैनौ' जस्ता आठ कविताहरूमा द्वितीय पुरूषको प्रयोग गरिएको छ । त्यस्तै 'आकांक्षाको घोडा' 'तिमी आयौ या आएनौ मा प्रथम र द्वितीय मिश्रित कथनपद्धतिको प्रयोग भएको पाइन्छ भने 'नेता र जनता' मा प्रथम र तृतीय पुरूषको प्रयोग गरिएको छ । आफैँलाई भने जस्तो गरेर अप्रत्यक्ष रूपमा सबैको साझा पीडा व्यक्त गर्न 'सहरमा' कवितामा प्रथम पुरूषको प्रयोग गरेका छन् कविले । प्रत्यक्ष रूपमा अरूलाई अर्ती बुद्दि दिनु भन्दा आफूलाई नै दुःखी बनाउँदै मर्मस्पर्शी सन्देश

---

५. बासुदेव त्रिपाठी र अन्य (सम्पा.), *नेपाली कविता* भाग ४ ते.संस्क., (ललितपुर साझा प्रकाशन २०५४) पृ.सं. १९

दिने उनको यो कला प्रशंसनीय छ । कविता बोधगम्य नै छन् ।

### २.२.१०. भाषाशैली

भाषाशैली अभिव्यक्तिको महत्वपूर्ण माध्यम हो । 'कविताको भाषाशैली भन्नु जुन अर्थको कथन कुनै कविताकृतिले गर्नु छ त्यसको लागि उपलब्ध भाषिक विकल्पमध्ये सबभन्दा बढी ललित र रागात्मक अनि व्यञ्जक र लयात्मक कुन सक्ने गरी शब्द, पदावली वाक्यखण्ड, वाक्य र अनुच्छेद विधानसमेत सिर्जित हुने कुरा हो ।'[६] वास्तवमा कविताको भाषाशैली अन्य विधाहरूको भन्दा पृथक रहने गर्दछ किनकि थोरैमा वा एउटा पङ्क्तिमा कविताले धेरै कुरा भन्न सक्छ । यस क्रममा भाषा अभिधार्थ भन्दा पर लाक्षणिक र व्यञ्जक समेत बन्न पुग्दछ । कवितामा भाषिक व्याकरणको पालना कम हुन्छ । कविता या त गद्यात्मक शैलीको हुन्छ या पद्यात्मक । पद्यात्मक शैलीमा बढी नियमको पालना गरिन्छ ।

## २.३. 'कुहिराको कम्बल' कवितासङ्ग्रहका प्रतिनिधि कविताहरूको अध्ययन

प्रस्तुत 'कुहिराको कम्बल' कवितासङ्ग्रहभित्र सङ्कलित एकचालीसवटा कविताहरूमा विभिन्न उखान र टुक्काहरू प्रयोग भएका छन् । ती विभिन्न अर्थमा प्रयोग भएका उखान र टुक्काहरू निम्नानुसार छन् :-

'हालचाल' कवितामा दुईवटा उखानको प्रयोग गरिएको छ । ती हुन् 'न हाँसको चाल न कुखुराको चाल' र 'यता हेर्‍यो बेहाल उता हेर्‍यो गोलमाल' । तत्कालीन देशको राजनीतिक, आर्थिक, सामाजिक लगायत अन्य क्षेत्रको अवस्था बिग्रिदै गएको र समग्रमा हालचाल दयनीय बनेको यथार्थताको बयान गरिएको यस 'हालचाल' कवितामा जुनसुकै क्षेत्र वा जतातते बेहाल, अराजकता, अशान्ति, भत्केको र बिग्रेको यथार्थतालाई उक्त उखानहरूले व्यक्त गरेका छन् । समाजको वास्तविक मर्मलाई ती उखानले स्पष्ट पारेका छन् । ती उखानका प्रयोगले कविता ओजपूर्ण बनेको छ ।

'धिक्कार !!!' कवितामा 'उचालको कुकुरको मृग मार्दैन' र 'लाहुरी भैँसीले फुल पार्दैन' भन्ने उखानको प्रयोग भएको छ । स्वार्थी असक्षम र अपरिपक्व व्यक्तिलाई माथिल्लो तहमा पुर्‍याएर ऊबाट ठूलो परिवर्तन र राम्रो कामको आशा गर्नेहरूप्रति धिक्कार भन्दै व्यङ्ग्य गरिएको उक्त कवितामा विवेकहीन सधैँ अरूको भरमा परेर काम गर्नेले केहीपनि काम गर्न सक्दैन; व्यक्ति आफैँ सक्षम हुनुपर्छ भन्ने कुरालाई व्यक्त गर्न उचालेको कुकुरले मृग मार्दैन भन्ने उखान प्रयोग गरिएको छ । एउटा व्यक्तिबाट सबै काम हुन सक्दैन त्यसैले सबै काम गर्न लगाएर त्यसबाट फल प्राप्त गर्न खोज्नु ठूलो कमजोरी हो । तसर्थ त्यस्ता

६. ऐजन - पृ.सं. १९

असक्षम व्यक्तिबाट हरेक काम पूरा गराउन खोज्नेप्रति उक्त उखानले व्यङ्ग्य गरेको छ । त्यस्तै ती विवेकहीन व्यक्तिहरूप्रति व्यङ्ग्य गर्न बालुवाबाट तेल निकाल्नु भन्ने टुक्का पनि उक्त कवितामा प्रयोग गरिएको छ ।

'यसपल्टको जाडो' कवितामा 'मनको लड्डु घिउसित खानु' उखानको प्रयोग भएको छ भने 'घरबार जमाउनु' र 'मुटु काम्नु' जस्ता टुक्काहरूको प्रयोग भएको छ । उक्त कविताले यसपल्ट पनि आफ्ना इच्छाहरू पूरा हुन सकेनन् तथा देशका समस्याहरू समाधान हुन नसकेका कविका धारणाहरू व्यक्त गरेको छ । यसपल्ट भने राम्रो लगाउन पाउँला, खान पाउँला, हातहरू सिर्जनात्मक कार्यमा लगाउन पाउँला भन्ने आशा थियो तर ती सबै वेकार भए, कल्पनामा मात्र सीमित भए भन्ने अर्थमा उक्त मनको लड्डु घिउसित खानु भन्ने उखान आएको छ । पुराना समस्याहरू समाधान भई नयाँ उत्साहका बाटाहरू देखा पर्लान् भन्ने सोचेको तर तिनै पुराना समस्याहरू झन् दरिला बनेर बसे भन्ने अर्थका रूपमा घरबार जमाएर बस्नु भन्ने टुक्का आएको छ । जे जति सुविधाहरू प्राप्त भएका छन् तिनीहरूको उपभोग गर्दा चर्को मूल्य तिर्नुपर्ने भएकाले दुःख लागेकोले त्रासदीपूर्ण भविष्यलाई अभिव्यक्त गर्न मुटु काम्नु भन्ने टुक्का प्रयोग भएको छ ।

'प्रजातन्त्र' कवितामा 'छेपाराको रङ घस्नु' र 'थाङ्नामा सुत्नु' जस्ता टुक्काहरू प्रयोग भएका छन् । प्रजातन्त्रको विशेषता तथा महत्त्वको बारेमा लेखिएको यस कवितामा प्रजातन्त्र आए पनि विभिन्न स्वार्थले मानिसहरू लागे पनि कवि त्यस्तो कुनै स्वार्थमा नलागेको वा अवसरवादी नवनेको भन्ने अर्थमा उक्त छेपाराको रङ घस्नु भन्ने टुक्का आएको छ । प्रजातन्त्रले ल्याएको परिवर्तनसँगै म समय सापेक्ष भने पक्कै हुनुपर्छ म पनि निस्वार्थ भावनाले बदलिनु पर्छ भन्ने अर्थ स्पष्ट पार्न थाङ्नामा सुत्नु भन्ने टुक्काको प्रयोग गरिएको छ ।

'सहरमा' भन्ने कवितामा 'झ्यालखानामा फस्नु' र 'तिलाञ्जली दिनु' भन्ने टुक्काको प्रयोग गरिएको छ । सहरको वातावरण साह्रै कहाली लाग्दो छ, स्वतन्त्रता, मानवता जस्ता यावत् कुराहरू हराएका छन् भनी लेखिएको उक्त कवितामा हरेक कुराहरूबाट बञ्चित हुनु परेको छ ; स्वतन्त्रता छैन अर्काकै अधीनमा बस्नु परेको छ भन्ने अर्थलाई व्यक्त गर्न झ्यालखानामा फस्नु भन्ने टुक्का आएको छ भने आफ्नो स्वाभिमान र व्यक्तिगत अधिकार तथा मानव अधिकार जस्ता सबै कुराहरू गाउँमा नै छोडेर सहर पसेको कुरालाई व्यक्त गर्न तिलाञ्जली दिनु भन्ने टुक्का प्रयोग भएको छ ।

'सगरमाथकाकी छोरी' कवितामा 'ल्हासामा सुन छ कान मेरो बुच्चै' भन्ने उखान र 'मुटु पग्लिनु' र 'पाती चढाउनु' भन्ने टुक्काहरूको प्रयोग भएको छ । सर्वोच्च शिखर सगरमाथा चढेर नेपाल र नेपाली महिलाको स्वाभिमान उच्च राख्ने पासाङ ल्हामुको

साहसीक कार्यको सन्दर्भलाई व्यक्त गरिएको उक्त कवितामा आफ्नै देशमा रहेको विश्वको सर्वोच्च शिखर विदेशी महिलाहरूले चढेर कीर्तिमान कायम गरिसके पनि नेपाली महिलाले भने चढ्ने साहस नगरेको अर्थलाई व्यक्त गर्न उक्त ल्हासामा सुन छ कान मेरो बुच्चै भन्ने उखान प्रयोग गरिएको छ । पासाङ ल्हामुले सगरमाथा चढेपछि लाखौं नेपाली महिलाहरूको शिर ठाडो भएको र सबै नेपाली खुशी भएका छन् भन्ने अर्थमा मुटु पग्लिनु भन्ने टुक्का आएको छ । त्यस्तै यो साहसीक कार्यदेखि हामी अत्यन्तै खुसी छौँ र सधैँ तिम्रो स्मरण गरिरहन्छौँ भन्ने अर्थलाई जोड दिन पाती चढाउँछौँ भन्ने टुक्का आएको छ ।

'नेता र जनता' कवितामा 'सत्ता भोग गर्नु' भन्ने टुक्काको प्रयोग गरिएको छ । नेता र जनता बीच पाइने अन्तरलाई व्यक्त गरिएको यस कवितामा जनता विभिन्न समस्याहरूको भोग गर्छ भने नेता विभिन्न सुविधाहरूको भोग गर्छ भन्ने अर्थमा उक्त टुक्काहरूको प्रयोग भएको छ ।

'तिमी आयौं या आएनौ ?' कवितामा 'बिर्को लाग्नु' टुक्काको प्रयोग गरिएको छ । देशमा शिक्षाको राम्रो विकास हुन नसकेकाले मानिसमा चेतनाको अभाव छ त्यसैले शिक्षालाई वा चेतनालाई तिमी भन्दै त्यसको महत्त्वको बारेमा लेखिएको यस कवितामा चेतना वा विवेकको अभाव भएको कुरालाई दर्शाउन बिर्को लाग्नु  भन्ने टुक्का आएको छ । शिक्षाको राम्रो विकास भएको भए अज्ञानी भएर बस्नु पर्दैन्थ्यो भन्ने अर्थ पनि उक्त टुक्काबाट अभिव्यञ्जित छ ।

'आकाशमा थुकेपछि' कवितामा 'धमिलो पानीमा माछा मार्ने' भन्ने उखान र 'खाडलमा जाकिनु' र 'हिलोमा भासिनु' जस्ता टुक्काहरू प्रयोग भएका छन् । माथिल्लो तहमा वा प्रगति गर्न चाहे पनि आफ्ना अनुचित कार्य तथा व्यवहारले प्रगति गर्न नसकको भन्ने व्याख्या गरिएको यस कवितामा एउटा कुनै घटनाबाट फाइदा उठाएर आफ्ना स्वार्थहरू पूरा गर्ने स्वार्थी मनोवृत्ति राम्रो होइन भन्ने कुरालाई बुझाउन उक्त धमिलो पानीमा माछा मार्ने भन्ने उखान आएको छ । प्रगतिका बाटामा आउने समस्या वा व्यवधानहरू पूरा नगरे लक्ष्यमा पुग्नुको सट्टा फसिन्छ वा असफल होइन्छ भन्ने अर्थलाई प्रष्ट पार्न हिलोमा भासिनु तथा खाडलमा जाकिनु टुक्काहरू आएका छन् ।

'अनुदानमा माया' कवितामा 'बालुवामा पानी हाल्नु' भन्ने टुक्काको प्रयोग भएको छ । कविले अरूलाई गरेको माया एकहोरो भयो भनेर लेखिएको यस कवितामा माया भन्ने कुरा दुबै पक्षबाट बराबर हुनुपर्छ एकहोरो मायाको कुनै अर्थ रहदैन भन्दै उनको मायागराइ अनुदान दिए जस्तै भयो वा अर्थहीन भयो भन्ने अर्थमा बालुवामा पानी हाल्नु भन्ने टुक्काको प्रयोग गरिएको छ ।

'सातो हराएको मान्छे' कवितामा 'सातो हराउनु' भन्ने टुक्का प्रयोग भएको छ । एक्कासी आफ्नो औकात भुलेर माथि पुगेको मान्छेलाई व्यङ्ग्य गरिएको यस कवितामा आफ्नो क्षमता, योग्यता र अनुभवविहीन मानिस माथिल्लो तहमा पुगे पनि उसले काम गर्न सक्दैन तथा उसको महत्त्व हुँदैन भन्ने अर्थको रूपमा उक्त टुक्का आएको छ ।

'जङ्गलमा अचेल' कवितामा 'सिनो सुँध्नु', 'थुक चाटनु' टुक्का र 'जङ्गलमा मङगल' उखानको प्रयोग गरिएका छन् । जङ्गलमा अचेल आकर्षक वन्यजन्तुहरूको सट्टा मानवरूपी दानवहरू बसेका छन् भनी लेखिएको यस कवितामा मानिसहरू आज अति तुच्छ र निन्दनीय कार्यहरू गर्न पछि पर्दैनन् जुन जङ्गली जनावरहरूले गर्दछन् भन्ने अर्थका रूपमा सिनो सुँध्नु र थुक चाट्नु टुक्काहरूको प्रयोग भएका छन् भने आज जङ्गलमा कचिङ्गल नै कचिङ्गल छ भन्ने अर्थमा जङ्गलमा मङ्गल भन्ने उखान आएको छ ।

'त्यो के हो ?' कवितामा 'लखतरान हुनु', 'चमेरो बन्नु', 'धर्ती उल्टिनु' जस्ता टुक्काहरू प्रयोग भएका छन् । एउटा सामान्य कर्मचारी घरायसी र कार्यालयीय समस्या नै समस्याले ग्रस्त भएर दिक्क लाग्दो अवस्थामा रहेको स्थितिको चित्रण गरी लेखिएको यस कवितामा धेरै काम गरेर नभई विभिन्न समस्याले घेरिएर जीवन दिक्क लाग्दो वा थाकेको भन्ने अर्थ व्यक्त गर्न लखतरान हुनु भन्ने टुक्का आएको छ । त्यस्तै धेरै समस्या तर थोरै पैसाले पूरा गर्नुपर्ने भएकाले दुःख गरेर भए पनि जीवन चलाउनु पर्ने, आफ्नो निजी सवारी साधन नहुँदा सार्वजनिक साधनमै चेपिएर, कोचिएर तथा मूल्यविहीन जस्तो बनेर जीवन चलाउनु पर्ने वा यात्रा गर्नुपर्ने कुरालाई व्यक्त गर्न चमेरो बन्नु भन्ने टुक्का आएको छ । सामान्य कर्मचारीको दिनचर्या साह्रै दयनीय हुन्छ । विशेष गरी कार्यालय ठीक समयमा नै पुग्नु पर्ने, धेरै काम गर्नुपर्ने र समयमा नपुग्दा के के न हुन्छ, सबै बिग्रिन्छ जस्ता गरेर हाकिमले हर्कार्ने कुरालाई स्पष्ट गर्न धर्ती उल्टिनु भन्ने टुक्काको प्रयोग भएको छ ।

'जिउँदाको जन्ती न मर्दाको मलामी' कवितामा 'जिउँदाको जन्ती मर्दाको मलामी' भन्ने उखान आएको छ । मानिस भएर जन्मेपछि मानवीय कार्य गरेर उदाहरणीय व्यक्ति बन्नु पर्ने तर कुकार्य गरेर सबैको घृणाको पात्र बन्नु नहुने कुरा औल्याउँदै बोलीको ठेगाना नहुने, मन सफा नभएको कुनै बेला पनि सहयोग गर्न नसकेको व्यक्तिलाई व्यङ्ग्य गर्न उक्त उखान प्रयोग भएको छ ।

'म अहिले कविता लेख्न सक्तिन' कवितामा 'भेडा बनाउनु' भन्ने टुक्का प्रयोग भएको छ । विषम परिस्थितिको चित्रण गरिएको यस कवितामा नेतालाई व्यङ्ग्य हानिएको छ । नेताहरूले कार्यकर्ताहरूलाई धूर्त र जनतालाई एकोहोरो बनाउन चाहन्छन् भन्ने अर्थमा उक्त टुक्काहरूको प्रयोग भएको छ ।

## २.४. 'हालचाल' कविताको विश्लेषण

### २.४.१. शीर्षक

'हालचाल' कविताको शीर्षक विषयवस्तुका आधारमा राखिएको छ । कविताको विषयवस्तु र शीर्षकमा पूरै मेल छ । शीर्षक 'हालचाल' भएअनुसार सम्पूर्ण कवितामा हालचालकै वर्णन छ । शीर्षक र विषयमा शङ्का गर्ने ठाउँ देखिन्न । हालचाल भन्ने वित्तिकै अहिलेको अवस्था वा चालामाला भन्ने बुझिन्छ । प्रस्तुत 'हालचाल' कवितामा तत्कालीन समयको वर्णन गरिएको छ । समाजमा जो सुकैले देखेको वा भोगेका यथास्थितिलाई कलात्मक ढङ्गले उक्त कवितामा अभिव्यक्त भएको छ । जतातत्तै अवस्था बिग्रदै गएको ठग्ने, लुट्ने, फुटाउने, झगडा, हत्या, हिंसा बढेको यथार्थ कुराको वर्णन यहाँ खुलस्त गरिएको छ । सर्वत्र बेहालै बेहाल भएको हालचालको वर्णन गरिएको यस कविताको शीर्षक उपयुक्त छ ।

### २.४.२. संरचना

वि.सं. २०६० चैत्र २५ गते लेखी 'कुहिराको कम्बल' कविता सङ्ग्रहमा सङ्गृहीत 'हालचाल' कविताको संरचना चार अनुच्छेदभित्र गद्यलयका पचास हरफमा भएको छ । यो फुटकर कविता हो । यस कविता भित्र बढीमा आठ शब्द र बीस अक्षरसम्म र घटीमा एक शब्दका एक हरफहरू पनि रहेका छन् । पहिलो हरफ 'अनुहार देखाएर' सात अक्षरका दुई शब्दबाट शुरू भई 'यता हेर्‍यो बेहाल उता हेर्‍यो गोलमाल' छ शब्दका बाह्र अक्षरले कविताको विट मारेको छ । 'कतै पाइने बुट नीति कतै अपनाइने शूट नीति' सबभन्दा लामो हरफ हो भने 'हेर्दै छु,' 'भोग्दै छु' 'कान', 'आँखा' 'मुख' जस्ता एक शब्दका पाँच हरफ छन् । अन्य हरफहरू दुईदेखि आठ शब्दले बनेका छन् ।

### २.४.३ लय

गद्य शैलीमा लेखिएको 'हालचाल' कवितामा आन्तरिक लय प्रयुक्त छ । कतै हरफ-हरफपछि, कतै एक-एक हरफपछि त कतै तीन हरफपछि उपस्थित अन्त्यानुप्रास र आद्यानुप्रास योजनाले कवितामा मधुर लय बनेको छ । आन्तरिक लयलाई संयोजित र सङगीतमय बनाउन बीचबीचमा एउटै वर्णहरू दोहोरिएका छन् । जस्तै :-

कतै काटकुट पारेर कुनामा
मिल्काइएको छ कूटनीति
कतै टिलिक्क पारेर टाउकामा
टल्काइएको छ 'फूट' नीति !
आँप फलेझैँ लटरम्म

फलेको छ झूट नीति
बिजुली बलेझैं झलमल्ल
बलेको छ 'लुट' नीति ! ! !

माथिको कवितांशमा राम्रो लय सिर्जना भएको छ । कतै काटकुट पारेर कुनामा भन्ने हरफमा क ध्वनि तीनपल्ट दोहोरिएको छ भने अन्य ट, ब, फ ध्वनिहरू पनि नियमित पुनरावृत्ति भएका छन् साथै कवितामा त्यस्ता अन्य ध्वनिहरू दोहोरिएर साङ्गीतिक रूपमा आन्तरिक लय सिर्जना भएको छ यसले कवितालाई मिठासपूर्ण बनाएको छ । कूट-फूट, झूट-लूट जस्ता शब्द प्रयोग गरेर मध्यानुप्रासको सिर्जना गरिएको छ । कुनामा टाउकामा, नीति-नीति जस्ता शब्दहरूको अन्त्यानुप्रासले कवितालाई श्रुतिमधुर बनाएको छ । एकातिर ती शब्दले विभिन्न अनुप्रासको काम गरेको छ भने अर्कोतिर समाजमा जतातते लुटपाट, अविश्वास, अराजक रही समाज तहसनहस बनेको व्याख्या गर्न कविले लूटनीति, फूटनीति बूटनीति बाजनीति जस्ता शब्दावलीको प्रयोग गरी नयाँ नीति र शब्दको सिर्जना गरेका छन् ।

**२.४.४ भाव**

प्राकृतिक र ऐतिहासिक दृष्टिले अत्यन्तै सुन्दर ठाउँ तथा मिथिलाञ्चलको राजधानी नामले चिनिने जनकपुरधामको परिवेश समेटेर लेखिएको प्रस्तुत कविताको मूल भाव नेपालको राजनीति र सामाजिक विषमपरिस्थितिलाई व्यक्त गर्नु हो । जतातते अशान्ति, हत्या, हिँसा अत्याचार, लुटपाट, भ्रष्टाचार मौलाएकाले सुखसँग बस्न नसकेको यथार्थ वर्णन यहाँ गरिएको छ । कविता लेखन समय २०६०।६१ मा कवि पोखेल जनकपुरमा थिए । त्यसबेला नेपालको कूटनीति सम्वन्ध धेरै देशसँग दुर्वल बनेको थियो । राजनीति लुकेको थियो । हत्या, हिँसा चरम अवस्थामा पुगेको थियो । एउटाले अर्कालाई भाड्ने फुटाउने लुटने, ठग्ने जस्ता यावत् क्रियाकलाप विद्यमान रहेकाले सर्वसाधारणले खुसी र सन्तोषले एक गाँस खान र एक निद्रा सुत्न नपाएको अस्तव्यस्त र बेहालको स्थितिलाई उद्धृत गर्दै त्यो वास्तविक परिस्थितिलाई यहाँ शब्द चित्रमा उतारिएको छ । प्रशस्त ताल, सरोवर, समथर भूमि, माछा, जानकी मन्दिर हुनु मिथिला क्षेत्रका विशेषता मानिन्छ । यिनै विशेषताको वयान गरी तराईको दाइजो प्रथा, धनी र गरिब बीचको बिशाल अन्तर जस्ता विकृतिलाई दर्शाउदै तत्कालीन नेपालको राजनीति र सामाजिक दुरावस्थाको चित्रण यहाँ स्पष्ट देखिन्छ ।

### २.४.५ बिम्ब र प्रतीक

प्रस्तुत 'हालचाल' कवितामा बिम्ब र प्रतीकात्मक शब्दहरू प्रयोग गरेर भनाइ या भावलाई अझ सशक्त र गहन बनाउन खोजिएको छ । यहाँ शिकारी, बाज, राम, रावण, हनुमान, जनक, हाँस, माछा, नाक जस्ता विम्ब र प्रतीकहरूको प्रयोग गरिएका छन् । समाजमा जताततै क्रूरतम व्यवहार चलिरहेको स्थितिलाई सङ्केत गर्दै अचुक शिकारी झैं ढुकेको छ  बाज नीति भनेर शिकारी र बाजलाई बिम्बात्मक रूपमा प्रयोग गरी भावलाई गहन बनाउने कार्य निक्कै सराहनीय छ । समाजमा विकासको गति वा सुधार न त तीव्र गतिमा न त विस्तारै भएको छ भनेर अड्कल काट्न नसकी समाजमा गोलमोलको स्थिति भएको कुरा भन्न यहाँ न हाँसको चाल न कुखुराको चाल, यता हेऱ्यो बेहाल उता हेऱ्यो गोलमाल भनेर कुखुरा र हाँसलाई विम्बात्मक रूपमा प्रस्तुत गरिएको छ । त्यस्तै परेवा, राजर्षि जनक, राम हनुमान, लक्ष्मणलाई पारम्परिक प्रतीककै रूपमा व्याख्या कवितामा भएको छ । बिजुलीलाई झलमल्ल उज्यालो प्रतीकको रूपमा देखाइएको छ ।

### २.४.६. कथनपद्धति

'हालखबर' एकालापीय शैलीमा लेखिएको कविता हो । आफूले देखेको र भोगेको यावत् कुरालाई कवि आफैंले भोक्ता भएर अरू सामु प्रस्तुत गरेका छन् । कसैले उनलाई हालचाल के छ भनेर प्रश्न सोधपछि उत्तर दिँदै गर्दा कविता तयार भएको जस्तो पनि यहाँ देखिन्छ । कवितामा व्यक्त गरेका सम्पूर्ण कुराहरू कवि स्वयम्ले देखेका र भोगेका हुनाले उनले अर्को पात्र खडा नगरी स्वयम्ले देखेका र भोगेका हुनाले उनले अर्को पात्र खडा नगरी स्वयम् उपस्थित भई व्यक्त गरेका छन् । अर्को पात्र खडा गरेर प्रस्तुत गर्दा अहिले कविताले जुन उँचाइ पाएको छ त्यो उँचाइ पाउन सक्दैन्थ्यो त्यसैले कविको एकालापीय शैली सफल छ ।

### २.४.७ भाषाशैली

प्रस्तुत 'हालखबर' सरल र सरस भाषा शैलीमा लेखिएको प्रभावशाली कविता हो । अधिकांश तत्भव शब्दहरू रहेका कवितामा बोलीचालीका शब्दहरू पनि पर्याप्त छन् । बीचबीचमा उद्गार चिन्ह प्रयोग गरी भनाइलाई अझ बढी भावनात्मक रूपमा प्रस्तुत गरिएको छ । एउटै ठाउँमा कतै कतै दुई र कतै तीवटासम्म उद्गार चिन्ह प्रयोग गरी भनाइलाई अझ सशक्त बनाइएको छ । विभिन्न बिम्ब र प्रतीकको माध्यमबाट रचनालाई प्रस्तुत गर्दा रचनाले कविताको स्वरूप लिएको छ । झूट नीतिलाई आँप, लूट नीतिलाई बिजुली, राजनीतिलाई पटके चोरको उपमा दिई कविता रचना गर्दा कविताले राम्रो गुण बोकेको छ । सरल भाषा शैली र कलात्मक शब्द संयोजनले गर्दा कविता उल्लेखनीय रहेको छ ।

## २.५ 'म अहिले कविता लेख्न सक्तिन' कविताको विश्लेषण

### २.५.१. शीर्षक

'म अहिले कविता लेख्न सक्तिन' कविताको शीर्षक विषयवस्तुका आधारमा राखिएको छ । कविताको विषयवस्तु र शीर्षकवीच राम्रो तालमेल छ । बिग्रदो वातावरणको वयान गर्दै प्रतिकूल वातावरणले गर्दा कविता रच्न नसक्ने भएकाले कविले आफू कविता लेख्न नसक्ने भाव यसमा व्यक्त गरेका छन् । शान्त, सोहाद्रपूर्ण तथा अनुकूल वातावरण नभएमा केही पनि सिर्जना गर्न नसकिने भन्दै हाल कवि कविता रच्न सक्तिन भन्छन् । समसामयिक परिवेशको चित्रण गर्दै लेखिएको यस कविताको शीर्षक विषयवस्तुसँग सम्वन्धित छ । जताततै आतङ्क, हत्या, सन्त्रास, उदासीनता, भ्रष्टाचार, घुसखोर व्याप्त भएकाले मन स्थिर छैन त्यसैले के शीर्षकमा र कसरी कविता लेख्ने भनेर कवि अन्यौलमा पर्दै म अहिले कविता लेख्न सक्तिन भन्छन् । यसरी विषयवस्तुको आधारमा चयन गरिएको उक्त कविताको शीर्षक औचित्यपूर्ण देखिन्छ ।

### २.५.२. संरचना

वि.सं. २०५६ सालमा लेखिएको प्रस्तुत 'म अहिले कविता लेख्न सक्तिन' कविताको संरचना चार अनुच्छेद र उनन्चास हरफमा भएको छ । यो फुटकर कविता हो । कविताको कुनै पङक्ति सात अक्षरसम्मका लामा छन् भने छोटामा तीन अक्षरसम्म छन् । कविताको सुरूआत् 'टोपी लगाएर आतङ्कको' तीन शब्द दश अक्षरबाट सुरू भएको छ भने अन्त्य 'म अहिले कविता लेख्न सक्तिन' पाँच शब्दका बाह्र अक्षरबाट भएको छ । यस कविताभित्र सबभन्दा लामा हरफ 'म आतङ्कको कविता लेखूँ कि उदासिनताको' 'म सन्त्रासको कविता लेखूँ कि गतिहीनताको ?' जस्ता ६ शब्दले बनेका छन् भने छोटामा 'सरकार र अधिकार' जनतालाई थाहा छैन' जस्ता तीन शब्दले बनेका हरफहरू छन् । अन्य हरफहरू चार र पाँच शब्दले बनेका छन् ।

### २.५.३. लय

प्रस्तुत 'म अहिले कविता लेख्न सक्तिन' गद्य शैलीमा लेखिएको कविता हो । प्रत्येक हरफपछि उपस्थित आद्यानुप्रास र अन्त्यानुप्रासले आन्तरिक लयको सिर्जना गरको छ । जस्तै: अन्त्यानुप्रासको नमूना

टोपी लगाएर आतङ्कको
कोट भिरेर उदासीनताको
सास फेरेर सन्त्रासको
जुत्ता पहिरेर गतिहीनताको
के कसैले कविता लेख्न सक्छ ?

उपर्युक्त कवितांशमा आतङ्कको उदासीनताको, सन्त्रासको-गतिहीनताको शब्द प्रयोगले अन्त्यानुप्रास मिल्नुको साथै लय पनि कसिलो बनेको छ । त्यस्तैः-

म हत्याको कविता लेखूँ कि क्रियाहीनताको ?

म बलत्कारको कविता लेखूँ कि आचरणहीनताको ?

उक्त कवितांशमा आद्यानुप्रास र अन्त्यानुप्रासको क्रमशः म-म, क्रियाहीनताको आचरणहीनताको राम्रो संयोजन भएको छ । यसले आन्तरिक लयलाई मधुर र श्रुतिमाधुर्य बनाएको छ । कवितामा अन्त्यानुप्रास पर्याप्त र मिलेको छ भने आद्यानुप्रास पक्ष फितलो छ । साथै बीच बीचमा शब्द र वर्णहरू दोहोरिएर शब्द संयोजित र संगठित भएका भए कवितामा अझ लय सशक्त बन्ने थियो ।

**२.५.४ भाव**

समसामयिक परिवेशको चित्रण गर्दै निराशावादी स्वर व्यक्त गर्नु नै यस कविताको मूल भाव हो । कविले अस्थिरता, हत्या, हिंसा, चोरी, बलात्कार जस्ता असामान्य स्थितिमा कुनै पनि कार्य गर्न नसकिने कुरा कवितामा व्यक्त गरेका छन् । जताततै आतङ्क हत्या, वलात्कार, भ्रष्टाचार, ठगी, चोरी, घुसखोरीले सबैलाई हतोत्साही बनाई समस्या नै समस्या खडा गरकाले के विषयमा र शीर्षकमा कविता लेख्ने भनेर कवि अन्यौलमा परेका छन् । गाउँमा नौलो मान्छे देख्दा सबै भाग्छन्; शहरमा कोही बोल्न चाहँदैनन्, एकहोरो आफ्नै काममा व्यस्त रहन्छन् भन्दै कविले देशमा सरकार नभएको भान भएको र अधिकार हनन् भएको दुखेसो पोखेका छन् । मानिस भोकै बस्नु परोस् तर अकालमा मर्नु नपरोस् भन्दै ज्यान जोगाउन खोजेका कुरालाई यहाँ दर्साउन खोजिएको छ । सरकार र नेतालाई पनि यहाँ तिखो व्यङ्ग्य हानिएको छ । जस्तै :-

सरकार र अधिकार
कुन कुन चराका नाउँ हुन्
जनतालाई थाहा छैन
अनुशासन र कर्तव्य
के कस्ता प्राणीका नाउँ हुन्
नेतालाई थाहा छैन
उसलाई त कार्यकर्तालाई स्याल
र जनतालाई भेडा बनाउन पाए पुग्यो ।

जनतामा सरकार भएको र अधिकार पाएको आभाष हुन सकेको छैन । नेतामा अनुशासन र कर्तव्य शून्य छ भाषणले मानिसलाई एकहोरो बनाउन सके नेताहरूलाई पुग्यो

भन्छन् भन्दै यहाँ व्यङ्ग्य गरिएको छ । यस कवितामा कविले वर्तमान पीडालाई व्यक्त गरेका छन् । यस अर्थमा कविता सफल देखिन्छ ।

### २.५.५. बिम्ब र प्रतीक

प्रस्तुत 'म अहिले कविता लेख्न सक्तिन' कवितामा टोपी, कोट, जुत्ता, हत्या, बलात्कार, यन्त्रमानव, स्याल, भेडा जस्ता बिम्ब र प्रतीकहरू प्रयोग गरिएका छन् । 'टोपी' माथिल्लो भागमा रहने र सबैले देखिन वस्तुको रूपमा चिनिन्छ त्यस्तै यस कवितामा पनि त्यही अर्थमा प्रयोग भएको छ । 'टोपी लगाएर आतङ्कको' भन्ने हरफमा टोपी जस्तै आतङ्क सबैले देख्न सक्ने गरी फैलिएको कुरालाई दर्साउन खोजिएको छ । त्यस्तै

अचेल मेरा छिमेकी छन्

हत्या बलात्कार र डकैतीहरू

उक्त कवितांशमा विद्यमान सामाजिक विसङ्गतिको प्रतिबिम्ब देखिन्छ । मानव जस्तै तर ठीक वेठीक छुट्ट्याउन नसक्ने साँचो झुटो नछुट्याउने दोहोरो प्रतिक्रिया नदिने यन्त्रमानवसँग सहरका मानिसको तुलना गरी यन्त्रमानवरूपी व्यक्तिका रूपमा उक्त कवितामा उभ्याइएको छ । स्याललाई छट्टु र भेडालाई एकहोरोको प्रतीक मानिन्छ । यस कवितामा पनि कार्यकर्तालाई स्याल र आम जनतालाई भेडाको उपमा दिइएको छ । यस्ता विभिन्न प्रतीक र बिम्बले कवितालाई गहन र ओजपूर्ण बनाएका छन;  कवितालाई कलात्मक रूप दिएका छन् ।

### २.५.६. कथनपद्धति

प्रस्तुत 'म अहिले कविता लेख्न सक्तिन' एकालापीय शैलीमा लेखिएको कविता हो । यहाँ कवि स्वयम् बोलेका छन् । बारम्बार उल्लेख 'म' शब्दले यसको पुष्टि गर्दछ । कवि आफूले जे देखे, भोगे वा जे जस्तो परिस्थिति छ त्यसलाई आफू भित्र राखी आत्मपरक शैलीमा जीवन र जगत्को वस्तुस्थितिलाई हुवहु प्रस्तुत गर्न यहाँ उनी सफल छन् । यहाँ कविले न कसैलाई सल्लाह दिएका छन् या निर्देशन दिएका छन् । केवल सामाजिक विषमतालाई जानकारी दिने हिसाबले प्रस्तुत गरेका छन् । एकहोरो किसिमले पाठकलाई जानकारी दिएको जस्तो भान हुन्छ । अन्य पुरूषको प्रयोग भन्दा प्रथम पुरूष वा 'म' पात्रका माध्यमबाट उनले जति स्पष्ट र आफ्ना भावनालाई व्यक्ति गर्न सके त्यो अन्य पुरूषको प्रयोगले संभवत व्यक्त गर्न र खुलेर अभिव्यक्त हुन सक्दैनथ्यो यस अर्थमा कथनपद्धतीय हिसाबले उक्त कविता सफल छ ।

### २.५.७. भाषाशैली

विभिन्न बिम्ब र प्रतीकको प्रयोग गरी लेखिएको भए पनि 'म अहिले कविता लेख्न सक्तिन' कविताको भाषाशैली सरल र बोधगम्य छ । भाव गम्भीर भइकन पनि भाषा सरल भएकोले यो कवितालाई बुझ्न खासै दिमाग लगाउनु वा घोरिनु पर्दैन । सामान्य बोलचालका आगन्तुक र पारिभाषिक शब्दहरू जस्तै :- टोपी, कोट, जुत्ता, हत्या भ्रष्टाचार, ठगी, यन्त्रमानव आदि प्रयोग भएका छन् । समाज आतङ्क सन्त्रास, डकैती, बलात्कार, निराशा र भ्रष्टाचारमा फसेकाले स्वयम् कवि पनि त्यही समाजको एउटा सदस्य भएकाले यो वातावणमा कविता सिर्जना गर्न गाह्रो छ भन्दै के विषयमा कविता लेख्ने भन्ने कुरालाई कलात्मक शैलीमा दर्शाएका छन् । निराशा, कुण्ठा, कमजोरी, घुस, चोरी, ठगी जस्ता शब्दहरूको यहाँ बढी व्याख्या गर्न खोजिएको छ । 'मलाई माफ गर्नुस् महासय' उच्च आदरार्थी शब्दको प्रयोगले कवितामा शिष्टता दर्साउँदै व्यङ्ग्य गरेको छ । समग्रमा कविता सरस र सरल छ ।

## २.६ 'प्रजातन्त्र' कविताको विश्लेषण

### २.६.१. शीर्षक

'प्रजातन्त्र' कविताको शीर्षक विषयवस्तुका आधारमा राखिएको छ । यस कविताको विषय र शीर्षकमा पूरै तालमेल र समन्वय छ । पूरै कवितामा प्रजातन्त्रको विशेषता या गुणलाई व्याख्या गरी लेखिएको छ । त्यसैले शीर्षक विषय सुहाउँदो छ । यस कवितामा प्रजातन्त्रलाई चेतनाको पुञ्ज, सम्प्राप्तिको शिखर, स्वाभिमानको श्रीपेच भनी परिभाषित गरिएको छ । सुरूदेखि अन्त्यसम्म प्रजातन्त्रकै बारेमा वयान गरिएको यस कविता यही विषयको आधारमा शीर्षक चयन गरेकाले शीर्षक औचित्यपूर्ण छ ।

### २.६.२ संरचना

प्रजातन्त्र दिवसको अवसर पारी लेखिएको प्रस्तुत 'प्रजातन्त्र' कविताको संरचना चार अनुच्छेदभित्र गद्यलयका अठ्चालीस हरफमा भएको छ । यस कवितामा वढीमा छ शब्दका सोऱ्ह अक्षर र एक शब्दका तीन अक्षरहरू पनि छन् । पहिलो हरफ 'तिमी आयौ' दुई शब्दका चार अक्षरबाट सुरू भई 'कि जुर्मुराएर जुरूक्कै उठूँ ??' चार शब्दका एघार अक्षरबाट टुङ्गिएको छ । यस कवितामा 'तिमी तानाशाही मन पराउँछौं कि एकतन्त्र?' छ शब्दको सोऱ्ह अक्षरको सबभन्दा लामो हरफ हो र सबभन्दा छोटो एक शब्दका हरफहरू स्वागतमा, आगमनमा, प्रजातन्त्रमा, वर्णमा, शासनमा आदि हुन् भने अधिकांश तीन र चार शब्दका हरफहरू छन् । पाँच र छ शब्दका हरफहरू थोरै छन् । यसरी अठ्चालीस हरफ र छपन्न शब्द सङ्ख्या भएको उक्त कविता फुटकर कविता हो ।

**२.६.३. लय**

प्रस्तुत 'प्रजातन्त्र' गद्यशैलीमा लेखिएको कविता हो । कतै हरफैपिच्छे, कतै एक-एक हरफपछि उपस्थित आद्यानुप्रास र अन्त्यानुप्रासले लयको सिर्जना गरेका छन् । अनुप्रासले कवितालाई श्रुतिमधुर बनाएको छ र लयलाई कसिलो बनाएको छ । जस्तै :-

आचरणमा
तिमी अराजकता चाहन्छौ कि अनुशासन ?
शासनमा
तिमी सुशासन मन पराउँछौ कि कुशासन ?
संस्कारमा
तिमी तानाशाही मन पराउँछौ कि एकतन्त्र ?
परतन्त्र बन्न चाहन्छौ कि स्वतन्त्र ??

माथिको कवितांशमा शासनमा, संस्कारमा, आचरणमा, अनुशासन-कुशासन, एकतन्त्र, स्वतन्त्र शब्दहरूको प्रयोगले अनुप्रास मिलेकाले कवितामा आन्तरिक लयको सिर्जना भएको छ । अन्य अनुच्छेदमा पनि यो व्यवस्था रहेकाले कवितामा लय प्रभावकारी बनेको छ ।

**२.६.४ भाव**

पुनः प्रजातन्त्र आएको केही समयको अन्तरालपछिको वस्तुस्थितिलाई मध्यनजर राखी लेखिएको यस कवितामा कविले प्रजातन्त्रलाई चेतनाको ज्योतिपुञ्ज र सम्प्राप्तिको सर्वोच्च शिखर मानी पूर्ण प्रजातन्त्र नै आजको आवश्यकता हो भन्ने भाव यस कवितामा व्यक्त गरेका छन् । प्रजातन्त्रमा इमान्दारिता, जिम्मेवारी, अनुशासन, स्वतन्त्रता जस्ता खास विशेषता हुन्छ वा हुनुपर्छ भन्ने कुरा पनि यहाँ स्पष्ट पार्न खोजिएको छ । प्रजातन्त्रलाई मानवीकरण गरी यसका राम्रा र नराम्रा पक्षको बयान यहाँ खुलस्त देखिन्छ ।

**२.६.५ बिम्ब र प्रतीक**

प्रस्तुत 'प्रजातन्त्र' कवितामा थोरै बिम्ब र प्रतीकहरू प्रयोग गरिएका छन् । यसले कवितालाई केही मात्रामा आलङ्कारी पनि बनाएको छ । मैनबत्ती, आँखा, श्रीपेच, फूलमाला, चन्द्रमा, छेपारो आदि बिम्ब र प्रतीकका रूपमा आएका छन् । 'हृदयको मैनबत्ती बालेर' भन्ने हरफमा मैनवत्ती उज्यालो प्रदान गर्ने वस्तुको अर्थ दिन आएको छ भने श्रीपेच उच्च वस्तु वा महत्वपूर्ण बस्तुको अर्थ दिन आएको छ । छेपारोलाई अवसरवादीहरूको प्रतीकको रूपमा लिइन्छ जुन यस कवितामा त्यही अर्थमा प्रयुक्त भएको छ । प्रजातन्त्र आए पनि कविमा स्वार्थीपन नआएको भन्दै 'मैले छेपारोको रङ घसिन' भन्ने वाक्य व्यक्त गरेका छन् ।

### २.६.६ कथनपद्धति

प्रस्तुत 'प्रजातन्त्र' कविता द्वितीय पुरूषीय शैलीमा लेखिएको छ । प्रजातन्त्रलाई 'तिमी' भनी सम्बोधन गरेबाट यो स्पष्ट हुन्छ । प्रजातन्त्रलाई नजिकैबाट नियाल्दै र तिमी भनी मानवीकरण गरी त्यसको बयान गरिएको यहाँ अन्य पुरूषको प्रयोग त्यति खुल्न सक्दैनथ्यो । त्यसैले पनि कविले तिमी भन्ने शब्द चयन गरी कविताको सिर्जना गरेका हुन् ।

### २.६.७ भाषाशैली

प्रस्तुत 'प्रजातन्त्र' कविता सरल एवम् सहज शब्दहरूको संयोजनबाट निर्मित सशक्त रचना हो । प्रजातन्त्रलाई तिमी कस्तो मन पराउँछौ भनी प्रश्न सोध्दै संभावित उत्तरहरू समेत दिइएको यस कवितामा ढोका, आँगन, छेपारो, बेसारे अड्कन, ढुकढुकी, थाङनो, धुपधुँवार जस्ता ठेट नेपाली वा मौलिक शब्दहरू प्रयोग गरिएका छन् । प्रश्नलाई अझ जोड दिन दुईवटा प्रश्नवाचक चिन्ह प्रयोग भएको छ । यो प्रश्न उत्तरकै शैलीको कविता हो । प्रजातन्त्रलाई कविले मुटुको धडकन आस्थाको शिखरको उपमा दिई कवितालाई कलात्मक रूप प्रदान गरेका छन् । धेरै समयदेखि प्रतीक्षित कुरा भेट्टाएको तर भेट्दा अर्कै रूपमा पाएको कुरालाई भाषिक विचलन, प्रतीक र बिम्बका माध्यमबाट प्रस्तुत गरिएकाले यहाँ बोधगम्यमा केही गम्भीर भएर लाग्नुपर्ने देखिन्छ ।

## २.७ 'रमिते' कविताको विश्लेषण :-

### २.७.१. शीर्षक

'रमिते' कविताको शीर्षक प्रतीकात्मक छ । शीर्षकका रूपमा प्रयुक्त रमितेले हामी नेपालीलाई इङ्गित गरेको छ । अर्काले गरेको काम देखेर हामी रमिते बनेर मख्ख पर्छौं तर हामी त्यो काम गर्न चाहदैनौं । आफ्नो भविष्यलाई वेवास्ता गर्दै अनावश्यक काममा पैसा र समय खर्चिरहेका छौं । हाम्रो साँच्चै लथालिङ्ग चाल भएकाले कवि नेपाली समाजलाई जात्राको संज्ञा दिन रूचाउँछन् त्यही जात्रा हेरेर रमाउने हामीलाई कविले कवितामा रमिते भनेका छन् । थोरै व्यक्तिले पौरख देखाएर धेरैलाई रमिते बनाउने हाम्रो नेपाली समाजमा विद्यमान रहेको कुरालाई पनि यहाँ दर्शाउन खोजिएको छ । टुँडिखेलभित्र वाहियात् घोडा बड्काएको र बम पड्काएको वर्णन गर्दै हामी त्यसकै मज्जा लिइराखेका छौं । वास्तवमा हाम्रो जीवन नै लथालिङ्ग र भताभुङ्ग छ, रमिता लाग्दो छ भन्दै कविले साङ्केतिक रूपमा हाम्रो जीवनको वर्णन गर्दै शीर्षक राखेका छन् ।

### २.७.२. संरचना

वि.सं. २०४८ सालमा घोडेजात्राको अवसर पारी लेखिएको 'रमिते' फुटकर कविताको संरचना दुई अनुच्छेदभित्र गद्य लयका तेत्तीस हरफमा भएको छ । कवितामा एक शब्दका हरफदेखि सात शब्दका हरफसम्म रहेका छन् । एक हरफमा 'खै !' 'कठै !' रहेका

छन् भने तीन चार शब्दका हरफहरू धेरै छन् र एकै गाँसमा हजारौ मान्छेको आहारा खाएको हेरिरहेछौ.' भन्ने सबभन्दा लामो हरफ हो । 'फूटपाथबाट टुँडिखेलभित्र' भन्ने दुई शब्दको नौ अक्षरबाट कविताको सुरूआत् भएको छ भने 'रमितेको अरू उपाय के हुन्थ्यो?' पाँच शब्दको बाऱ्ह अक्षरबाट कविता टुङ्गिएको छ ।

**२.७.३ लय**

प्रस्तुत 'रमिते' कविता गद्य कविता भए पनि यसमा प्रयुक्त अनुप्रासले उच्च लयको सिर्जना भएको हो । हरफैपिच्छे र एक-एक हरफपछि उपस्थित आद्यानुप्रास, मध्यानुप्रास र अन्त्यानुप्रासले कवितलाई श्रुतिमधुर बनाएका छन् । जस्तै :

फूटपाथबाट टुँडिखेलभित्र
घोडा बड्काएको हेरिरहेछौ
सडकबाट टुँडिखेलभित्र
बन्दुक पड्काएको हेरिरहेछौ
एउटा तोपको खर्चले
हजारौं मान्छेको खाली पेट भरिन्थ्यो होला
एउटा बम गोलाको व्ययभारले
धेरै मान्छेका नाङ्गो आङ भरिन्थ्यो होला

उपर्युक्त कविताांशमा अन्त्यानुप्रास संयोजन अत्यन्तै राम्ररी भएको छ । विशेष गरी 'कुहिराको कम्बल' सङ्ग्रहभित्रका कविताहरूमध्ये यस कवितामा अनुप्रासको संयोजन उत्कृष्ट ढंगले भएको छ । कतै अन्त्यानुप्रास त कतै आद्यानुप्रासले कविताको लयलाई कसिलो र उच्च बनाएको छ ।

**२.७.४. भाव**

एउटा शिक्षित र विचारवान् व्यक्तिले कुनै घटनालाई वर्तमान सन्दर्भसँग तुलना गरेको अवस्था नै रमिते कविताको विषयबस्तु वा मूल भाव हो । नाटकीय कार्यलाई कविले जनता अलमलाउने खेल हो भन्दै सामाजिक धरातललाई बुझी काम गर्नुपर्नेतर्फ सबैलाई सचेत गराउन खोजेका छन् । अनाहकमा घोडा कुदाएर बम र तोप पड्काएर खर्च मात्र गरेको तर नेपाली जनतालाई सधैँ गाँसको समस्या परेकाले यस्ता अनावश्यक कार्य रोकी नेपाली जनताको समस्यालाई समाधान गर्नुपर्ने कुरा यहाँ छर्लङ्ग पारिएको छ । हामी बाहिरको जात्रा हेर्छौं, दङ्ग पर्छौं तर आफू भित्रको वा आफ्नै जिन्दगीको जात्रा भने थाहा पाइरहेका हुँदैनौं भनेर व्यङ्ग्य पनि गरेका छन् । कवि स्वयम्ले आफू र नेपाली जनतालाई केही गर्न नसक्ने निरीह प्राणीको रूपमा प्रस्तुत गर्दै कठै भनी सहानुभूति पनि प्रकट गरेका छन् ।

## २.७.५. बिम्ब र प्रतीक

प्रस्तुत 'रमिते' कवितामा बिम्ब र प्रतीकहरू प्रशस्त प्रयोग गरी कवितालाई ओजपूर्ण बनाइएको छ । फूटपाथ, सडक, सारङ्गी, टुँडिखेल, बन्दुक, घोडा, जात्रा आदि बिम्व र प्रतीकका रूपमा आएका छन् । सर्वसाधारणलाई फुटपाथे बनाएर टुँडिखेल भित्रको एउटा दृष्य देखाउन यी शब्दको प्रयोगले कविता सफल भएको छ । निर्धनता या गरिवीको कारणले सारङ्गी बजाउँदै आफ्नो जीविका चलाउने गाइनेको विशेषतालाई इङ्गित गर्दै यहाँ आम गरिव नेपालीलाई दर्शाउन 'सारङ्गी रेटिरहेछ मान्छेको पेटले' भन्ने वाक्य आएको छ । त्यस्तै जताततै अस्तव्यस्त भएको स्थितिलाई व्यक्त गर्न 'मात्र जात्रामा रमाएका छौँ' भन्ने हरफ आएको छ । यसरी विभिन्न बिम्ब र प्रतीकले रचनालाई कवितात्मक स्वरूप दिएको छ ।

## २.७.६ कथनपद्धति

प्रस्तुत 'रमिते' कविता प्रथम पुरूषीय कथनपद्धतिमा लेखिएको छ । आफूले देखेको दृष्य वा कुरालाई कवितामा कवि आफै भोक्ता भएर अरू सामु प्रस्तुत गरेका छन् । 'हामी' 'रमाएका छौँ' जस्ता शब्दले यसलाई पुष्टि गर्दछ । आफूलाई लागेका र अनुभूत भावना यहाँ हामीका माध्यमबाट पोखिएको हुनाले कथनपद्धतिमा प्रथम पुरूषको चयन गरेको हो । यद्धपि तृतीय पुरूष वा 'उनीहरू' भनी सम्वोधन गरेर रचना गरेको भए पनि कवितामा खासै अन्तर आउन सक्दैनथ्यो । 'ऊ' पात्र खडा गरेर पनि आफ्ना भावनाहरू पोख्न कवि सफल नै हुन्थे ।

## २.७.७ भाषाशैली

'रमिते' सरल भाषा शैलीमा लेखिएको कविता हो । यसमा ठेट नेपाली शब्द आङ्, सारङ्गी, बङ्काएको, पेट, रमिते जस्ता प्रयोग भएका छन् भने केही आगन्तुक शब्दहरू जस्तै : फूटपाथ, टुँडिखेल, तोप आदि पनि प्रयोग गरिएका छन् । ठाउँ ठाउँमा विस्मयादीबोधक चिन्हको प्रयोगले कवितालाई अझ सशक्त बनाउन खोजेको छ । 'सारङ्गी रेटिरहेछ मान्छेको पेटले', 'आवरण खोजिरहेछ मान्छेको आङ्ले', 'यिनै घोडाका टापसित आकांक्षाका तीव्रगामी पाइलाहरू साट्न पाए हुन्थ्यो' जस्ता हरफहरू आलङ्कारिक र ओजपूर्ण छन् । भाषिक विचलन सामान्य रहेको छ ।

## २.८ 'चेतबहादुर' कविताको विश्लेषण : -

## २.८.१ शीर्षक

चेतबहादुर' कविताको शीर्षक पात्रका आधारमा राखिएको छ । शीर्षक सुन्नासाथ यो व्यक्ति वा पात्रको नामसँग सम्वन्धित छ भन्ने कुरा सहजै अड्कल काट्न सकिन्छ । सुरूदेखि अन्त्यसम्म चेतबहादुरको कथा व्यथाको वर्णन भएको हुँदा शीर्षक औचित्यपूर्ण देखिएको छ । चेतबहादुर सम्पूर्ण गरिव नेपालीहरूको प्रतिनिधि पात्र पनि हो । दिनरात

पसिना बगाएर पनि दुई छाक खान र आङ ढाक्न नसकेको चेतबहादुरको अवस्था साह्रै दर्दनाक छ । दिनरात खट्ने, भारि बोक्ने, हातमा ठेला उठाएर दाउरा चिर्ने, एक टुक्रा बारि नभएको चेतबहादुरको कारूणिक अवस्थाको चित्रण यस कविताको कथ्यवस्तु हो । यसर्थ पात्रसँग सम्वन्धित शीर्षकीकरण यहाँ सफल देखिन्छ ।

**२.८.२ संरचना**

वि.सं. २०४९ साल भदौमा लेखिएको 'चेतबहादुर' फुटकर कविताको संरचना चार अनुच्छेदभित्र चौवालीस हरफमा भएको छ । यस कविताको सबभन्दा लामो हरफ आठ शब्द तेइस अक्षरले बनेको छ भने छोटो एक शब्दको तीन अक्षरले बनेको छ । कवितामा अन्य दुई, तीन, पाँच शब्दले बनेका हरफहरू प्रशस्त छन् । पहिलो हरफ 'चेतबहादर' एक शब्द पाँच अक्षरबाट सुरू भएको छ भने अन्तिम हरफ 'खै ! कसले फर्काइदिन सक्छ उसको तरूण जवानी ? ?' सात शब्दको सत्र अक्षरले निर्माण भएको छ ।

**२.८.३. लय**

गद्य शैलीमा लेखिएको 'चेतबहादुर' कवितामा आन्तरिक लय छ । जसलाई हरफैपिच्छे र तीन तीन हरफपछि उपस्थित भएका अनुप्रास योजनाले अझ दरिलो र कसिलो बनाएको छ । लय भन्दा बढी यस कवितामा सामाजिक यथार्थलाई व्यक्त गर्न कविले समय खर्चेका छन् । अनुप्रासको उपस्थितिले कवितालाई मिठासपूर्ण बनाएको छ । जस्तै :

अहिले पनि चेतबहादुर
बञ्चराले दाउरा चिर्छ
र हातमा ठेला उठाउँछ,
हिमाल चढ्ने 'साहेव' को भारी बोक्छ
र निधारमा नाम्लाको डोब गहिऱ्याउँछ ।

कुनै लामा हरफ त कुनै छोटा हरफले बनेको उक्त कवितामा लयमा एकरूपता आएको छैन । अन्य कविताको दाँजोमा यस कवितामा लय पक्ष अति फितलो देखिन्छ ।

**२.८.४ भाव**

'चेतबहादुर' कविताको मुख्य भाव भनेको गरिव नेपालीहरूको आर्थिक अवस्थाको चित्रण गर्नु हो । दिनरात पसिना बगाएर कमाउँदा पनि गाँस, वास र कपासको समस्याले सधैँ सताइरहने यथार्थ स्थितिको चित्रण गर्दै यसको समाधानतर्फ सबैको ध्यान जानुपर्ने कुरा स्पष्ट पार्न खोजिएको छ । कविता सरल भइकन पनि मार्मिक छ । प्रजातन्त्र आएपनि गरिव नेपालीहरूको अवस्था जस्ताको तस्तै रहे पनि कम्तिमा आफ्नो पसिनाको मूल्य माग्ने चेतना आएको कुरालाई यहाँ दर्शाउन खोजिएको छ । काम र मानसिक तनावले जवानीमा नै बूढो

देखिने र अल्पायुमा नै मृत्यु हुने गरिव नेपालीहरूको यथार्थ चित्रण कवितामा व्यक्त गरिएको छ । गहन भाव बोकेका केही पङ्क्तिहरू साऱ्है मार्मिक छन् । जस्तै :-

चेतबहादुर
छातीमा रगत जमाएर ढुङ्गा फोर्थ्यो
तर उसको ढुङ्गाको घर थिएन,
थाप्लामा रौं खुइलिने गरी
मरिकुच्च आलुको भारी बोक्थ्यो ।
तर उसको आलु-खेती थिएन ।

सम्पूर्ण गरिव नेपालीहरूको प्रतिनिधित्व चेतबहादुरले गरेको छ । उसले नेपालीहरूको कारूणिक व्यथालाई छर्लङ्ग पारेको छ । यस अर्थमा कविताले राम्रो उचाइ पाएको छ ।

**२.८.५. बिम्ब र प्रतीक**

प्रस्तुत कवितामा बिम्ब र प्रतीकहरू खासै प्रयोग नगरिकन सरल भाषा शैलीमा लेखिएको छ । फाट्टफुट्ट प्रयोग गरिएका बिम्ब र प्रतीकले राम्रो चित्रण गर्न सफल भएका छन् । ढुङ्गाको घर, भारी, बारी, हिमाल, आँसु, बिम्ब र प्रतीकका रूपमा आएका छन् । हिमाल अटल अमर बस्तुको प्रतीक मानिन्छ । यहाँ पनि त्यही अर्थमा प्रयोग गरिएको छ । 'आँसु' पीडा वा दुःख व्यक्त गर्न आएको छ । बारीलाई धन वा जमिनको प्रतीकको रूपमा अर्थ्याउन खोजिएको छ ।

**२.८.६. कथनपद्धति**

'चेतबहादुर' कविता तृतीय पुरूषमा लेखिएको फुटकर कविता हो । ऊ संवोधन गरी लेखिएको यसमा कविले चेतबहादुरको र सम्पूर्ण नेपालीहरूको कारूणिक व्यथालाई दर्शाएका छन् । यो कविता भन्ने समाख्याताको भूमिकामा स्वयम् कवि रहेका छन् । प्रत्यक्ष रूपमा चेतबहादुरको स्थितिलाई व्याख्या गरेपनि अप्रत्यक्ष रूपमा ऊमार्फत सम्पूर्ण गरिव नेपालीहरूको दयनीय अवस्थालाई चित्रण गरिएको छ ।

**२.८.७. भाषाशैली**

प्रस्तुत 'चेतबहादुर' कविताको भाषाशैली साऱ्है सरल छ । सर्वसाधारणले बोल्ने शब्दहरू प्रयोग भएका छन् भने ठेट् नेपाली शब्दहरू पनि छन् जस्तै मरिकुच्च, सिरेटो, खुइलिने, हुँइकिने पाखो बारी आदि । हरफको अन्त्यमा प्रयुक्त कतै एउटा त कतै दुइटा उद्‌गार चिन्हहरूले भनाइलाई अझ मार्मिक बनाएका छन् । थोरै बिम्ब र प्रतीकहरू प्रयोग गरेर लेखिएको प्रस्तुत रचनाले कविताको स्वरूप लिन सकेको छ । सामान्य वाक्य भन्दा ठाउँ ठाउँमा आलङ्कारिक वा कवितात्मक वाक्य गठनले कविताले राम्रो उचाइ पाएको छ । जस्तै : "पसिनाले निथ्रुक्क नुहाउँथ्यो", "पसिनाको उचित मोल माग्न थालेको छ" आदि ।

## २.९ 'स्वाभिमान !' कविताको विश्लेषण :-

### २.९.१ शीर्षक

'स्वाभिमान !' कविताको शीर्षक विषयवस्तुका आधारमा राखिएको छ । आफ्नो देशमा निरङ्कुशता विरूद्ध लड्ने वीर पुरूष जसले नेपाल र नेपालीको स्वाभिमानलाई सदा उच्च राख्ने काम गऱ्यो उही व्यक्तिको गुणगान गाई लेखिएको यस कविताको विषय र शीर्षकवीच राम्रो तालमेल रहेको छ । 'स्वाभिमान' भन्नाले आफ्नो देश, जाति, संस्कृति आदिको सद्अभिमान हो, आत्मगौरव हो । प्रस्तुत कवितामा आफ्नो देशको लागि लामो समयदेखि ज्यानको बाजी राखेर लड्ने वीर पुरूष गणेशमान सिंहलाई नेपाली जनताको स्वाभिमानका रूपमा लिइएको छ । उनै स्वाभिमान पुरूष गणेशमानसिंहको चरित्र स्वभाव र कार्यलाई यस कवितामा राम्ररी खुलाइएको छ । यही विषयमा आधारित उक्त कविताको शीर्षक औचित्यपूर्ण छ ।

### २.९.२ संरचना

प्रजातन्त्र स्थापनाका लागि सङ्घर्ष गर्ने वीर पुरूष गणेशमान सिंहको संझनामा लेखिएको प्रस्तुत 'स्वाभिमान !' कविताको संरचना चार अनुच्छेद र बाउन्न हरफमा भएको छ । कविताका पङ्क्तिहरू एक शब्ददेखि सात शब्दसम्मका छन् । एक शब्दका दुई हरफ छन् भने सात शब्दका पनि हरफ छन् । अधिकांश हरफहरू तीन, चार र पाँच शब्दका छन् । कविताको सुरूआत् 'बुझ्नेहरूले उसलाई' दुई शब्दका आठ अक्षरबाट भएको छ र 'साँच्चै भनुँ भने उसको नाम थियो-स्वाभिमान' भन्ने सबभन्दा लामो हरफ हो जसमा सात शब्द उन्नाईस अक्षर रहेका छन् । त्यसैगरी 'उसलाई' एक शब्दको तीन अक्षरबाट बनेको सबैभन्दा छोटो हरफ हो ।

### २.९.३ लय

प्रस्तुत 'स्वाभिमान !' गद्य शैलीमा लेखिएको कविता हो । कतै एक एक हरफपछि कतै तीन चार हरफपछि उपस्थित अन्त्यानुप्रासले आन्तरिक लयको सिर्जना गरेको छ । जस्तै :

बुझ्नेहरूले उसलाई  
हिमालहरूको पनि उच्च हिमाल बुझे  
जान्नेहरूले उसलाई  
पहाडहरूको पनि अग्लो पहाड जाने  
देख्नेहरूले उसलाई  
शिखरहरूको पनि उन्नत शिखर देखे ।

उपर्युक्त कवितांशमा उसलाई उसलाई अन्त्यानुप्रासले र ब, ह,ज,र, वर्णहरू पुनरावृत्ति भई साङ्गीतिक ध्वनि निकाली कवितालाई श्रुतिमधुर बनाएको छ ; लयबद्ध बनाएको छ । लय सिर्जनाले कविता वाचनमा रौनक थप्ने गर्दछ । लयबद्ध कविताले पाठकलाई मन्त्रमुग्ध बनाउने गर्छ । त्यस्तै प्रस्तुत कविताले जो सुकै पाठकको मन जित्न सक्छ ; आकर्षित गर्न सक्छ ।

### २.९.४ भाव

वीर गणेशमान सिंहको क्षमता, कार्य र स्वाभिमानको वयान गर्नु नै 'स्वाभिमान !' कविताको मूल भाव हो । वास्तवमा उनी नेपाली राजनीतिका महान योद्धा थिए । नेपालीका रक्षक, प्रजातन्त्रका जनक, निस्वार्थी, स्वाभिमानी व्यक्ति थिए । निरङ्कुश र पञ्चायती व्यवस्थालाई ढालेर आम जनता माझ प्रजातन्त्र ल्याउन ज्यानको बाजी लगाएर अगाडि बढ्ने उनी साँच्चै लौहपुरूष थिए । उनी हुन्हुनाउँदो आँधीसित, कोर्रासित, आगका लप्कासित र आफ्नो मृत्युसित पनि नडराउने महान व्यक्ति थिए । उनमा रहेको निस्वार्थ र उच्च स्वाभिमानले गर्दा नै आज आम जनताले परिवर्तनको महशुस गरेका छन्  साथै उनको नाम इतिहासको पानामा सुनौलो अक्षरले लेखिएको छ । त्यसैले उनलाई कसैले हिमालहरूको पनि हिमाल, नायकहरू मध्ये पनि महानायक, नेपाली जनताका अभिभावक र पहरेदार देखे भन्दै कविले उनको असाधारण क्षमताको वर्णन गरेका छन् । जस्तै :

ऊ त्यस्तो वीर हो
जो मृत्युलाई हत्केलामा राखेर
आफ्नी आमाको मुक्तिका लागि
निरङ्कुशतालाई निर्भीकतापूर्वक छप्काउँथ्यो,
ऊ त्यस्तो सपुत हो
जो कात्रोलाई टाउकामा बेरेर
आफ्नो जन्मभूमिको स्वतन्त्रताका लागि
"मै हुँ" भन्ने तानाशाहहरूलाई
अधिकारपूर्वक हप्काउँथ्यो ।

यसरी गणेशमान सिंह जस्तै निस्वार्थ भावनाले देश उन्नतिमा लागेर सम्पूर्ण जनतालाई मुक्ति दिलाई स्वाभिमानपूर्वक बाँच्न सिक्नुपर्छ भन्ने मूल भाव यहाँ स्पष्ट देखिन्छ ।

### २.९.५ बिम्ब र प्रतीक

प्रस्तुत 'स्वाभिमान !' कवितामा हिमाल, पहाड, नायक, पिता, पहरेदार आँधी, कोर्रा, आगो, कात्रो जस्ता बिम्ब र प्रतीक प्रयोग भएका छन् । यस्ता बिम्ब र प्रतीकको प्रयोगले रचनालाई कवितात्मक स्वरूपमा ढालेको छ । हिमाल, पहाड शब्दले अटल, अमर तथा

स्थिरलाई जनाएझैं यहाँ वीर पुरूष गणेशमानलाई हिमाल वा पहाडसँग दाँजेर स्वाभिमान र प्रजातन्त्रका लागि अटल र स्थिर रहने व्यक्ति भनिएको छ । काव्यमा महत्वपूर्ण भूमिका खेल्ने व्यक्तिलाई नायक भने भैं यहाँ देशमा निरङ्कुशता ढाली प्रजातन्त्र ल्याउनमा मुख्य भूमिका खेल्ने व्यक्तिलाई त्यो नायकको संज्ञा दिइएको छ । यहाँ बिम्ब र प्रतीकको उपयुक्त प्रबन्धले कविता निक्कै ओजपूर्ण बनेको छ । जस्तै : -

ऊ हुन्हुनाउँदो आँधीसित गीत गाउने महापुरूष थियो ।
उसलाई
न कोर्रासितको डर !
जसले क्रूरताको पर्खाललाई
शूरताको मुड्की हानेर लडायो
ऊ आगाका लप्कासित लाप्पा खेल्ने लौहपुरूष थियो ।

माथि उल्लिखित आँधी, कोर्रा मुड्की जस्ता शब्दले बिम्बात्मक अभिव्यक्ति दिन्छन् यी शब्द सुन्ने बित्तिक्कै मानसपटलमा एक खालको बिम्ब उपस्थित हुन्छ । वीर गणेशमानको क्षमता र स्वाभिमानको वर्णन गर्न यस्ता शब्दले ठूलो भूमिका खेलेका छन् । यी अलावा अन्य शब्दको प्रयोग गरेको भए सम्भवत गणेशमानको वयान अपूरो हुन्थ्यो होला । सही व्यक्तिलाई अर्थ्याउन सही शब्द प्रयोग गर्न सक्नु कवि पोखेलको विशिष्ट गुण हो, उनको वैशिष्ट हो । उनी यहाँ चुकेका छैनन् ।

**२.९.६ कथनपद्धति**

प्रस्तुत 'स्वाभिमान !' कविता तृतीय पुरूष 'ऊ' सर्वनाम प्रयोग गरी लेखिएको छ । गणेशमानको सट्टामा 'ऊ' सर्वनाम प्रयोग गरी गुणगान गाउने काम भएको छ । यसमा लेखकका हैसियतबाट कविले गणेशमान सिंहको समख्यान प्रस्तुत गरेका छन् । यस कवितामा उनको सबल र कार्यहरूको वयान गर्न तृतीय पुरूषको प्रयोग आवश्यक र उपयुक्त हुने भएकाले उनले तृतीय पुरूषको नै प्रयोग गरेकाले कविता सफल छ ।

**२.९.७ भाषाशैली**

प्रस्तुत 'स्वाभिमान !' कविता सरल भाषाशैलीमा लेखिएको प्रभावशाली कविता हो । यसमा अधिकांश शब्दहरू तत्सम छन् । जस्तै : पिता, रक्षक, अभिभावक, जनक, सपूत आदि छन् । कविता सामान्य भाषाशैली भन्दा फरक हुन्छ त्यस्तै यहाँ पनि कविताको भाषा प्रशस्त भेटिन्छ । भाषिक विचलन ल्याई कवितालाई भिन्न स्वरूपमा प्रस्तुत गर्न सकिन्छ त्यो स्थिति यहाँ पनि पाइन्छ । जस्तै :

ऊ त्यस्तो वीर हो
जो मृत्युलाई हत्केलामा राखेर

आफ्नी आमाको मुक्तिका लागि
निरङ्कुशतालाई निर्भीकतापूर्वक छप्काउँथ्यो
ऊ त्यस्तो सपूत हो
जो कात्रोलाई टाउकामा बेरेर
आफ्नो जन्मभूमिको स्वतन्त्रताका लागि

माथिको कविताांशमा भाषिक विचलन आई कवितात्मक रूपमा परिणत भएको छ । मर्न तयार भएको भन्नुको सट्टा मृत्युलाई हत्केलामा राखेर र कात्रोलाई टाउकामा बेरेर भन्ने पदावलीहरूको प्रयोग गरिएको छ । यस अर्थमा बुझ्नलाई केही कसरत गर्नुपर्ने र भाषा शैली पनि कवितात्मक बनेको छ । शब्दलाई कलात्मक रूपले गुम्फन गरिएकाले कविता कलात्मक ढाँचामा प्रस्तुत भएको छ ।

# परिच्छेद - तीन

# प्रवृत्तिगत आधारमा 'कुहिराको कम्बल' को विश्लेषण

## ३.१ परिचय

'कुहिराको कम्बल' समाजका विभिन्न क्षेत्रका वास्तविक विषय र घटना, त्यहाँ रहेका विकृतिप्रतिको व्यङ्ग्य, प्रकृतिको सजीव चित्रण र देशप्रेमको भावना व्यक्त गरिएको सफल सङ्ग्रह हो । 'कुहिराको कम्बल' सङ्ग्रहलाई निम्नलिखित प्रवृत्तिका आधारमा विश्लेषण गरिन्छ :

## ३.२.यथार्थवादी प्रवृत्ति

कवि प्रह्लाद पोखेल यथार्थवादी कवि हुन् त्यसैले उनले यस कवितासङ्ग्रहमा समाजमा देखिएका अन्याय, अत्याचार, भ्रष्टाचार, शोषण, हत्या, हिंसा र असमानता जस्ता यावत् विकृतिलाई खुलस्त पारेका छन् । कविको नाङ्गो आँखा र खुला हृदयले जे देखे र अनुभव गरे त्यो वास्तविक चित्रलाई यस सङ्ग्रहमा उतारेका छन् । यो सङ्ग्रह अत्यन्तै सरल भाषाशैलीमा लेखिएको, स्वाभाविक वर्णन जीवन र जगत्को वा भनौं नेपाली समाजको कटू यथार्थको अभिव्यक्ति हो । त्यसैले प्रस्तुत 'कुहिराको कम्बल' कवितासङ्ग्रह यथार्थवादी प्रवृत्तिसँगै सम्वन्धित कविता हो । समाजका आर्थिक, सामाजिक, राजनीतिक जस्ता यावत् पक्षसँग सम्वन्धित यथार्थ कुराहरू यस सङ्ग्रह भित्रका कवितामा पाइन्छन् ।

ग्रामीण परिवेशलाई आधारभूमि बनाएर वस्तुस्थितिको यथार्थ वर्णन गर्नु नै 'कुहिराको कम्बल' संङ्ग्रहको खास विशेषता हो । आर्थिक, शैक्षिक र भौगोलिक विषमताले गर्दा नेपाली जनताले भोग्नु परेको पीडा, अभाव, अनिकाल तथा सांस्कृतिक विविधता आदिलाई यहाँ 'कुहिराको कम्बल', 'एउटा सानो नेपाल' र 'हुम्लाको शिरमा' जस्ता कवितामा हुबहु उतारिएको छ । सहरी जीवनको वस्तुस्थिति, दूषित वातावरण, अनगिन्ति यातायातका साधनले हरेकको स्वतन्त्रतामा ठेस पुगेको यथार्थता पनि यहाँ पाइन्छ । त्यस्तै समाजमा जताजतै लुट्ने, ठग्ने झुट बोल्ने, अन्याय अत्याचार, भ्रष्टाचार जस्ता कार्यहरू अत्यन्तै मौलाउँदै गई आम नेपालीले सुखले बाँच्न नपाएको वास्तविकतालाई 'हालचाल', 'रमिते', 'रोइरहेको माटो', 'जिउँदाको जन्ती न मर्दाको मलामी' 'जङ्गलमा अचेल' जस्ता कवितामार्फत व्यक्त गरिएको छ । एक्काईसौं शताब्दीमा पनि एक अर्काका जुम्रा खाएर सन्तोष गर्ने र जब आलु सप्रिदैन मानिसकै शरीरका ढाडी चपाएर प्राण धान्ने 'ठे' गाउँका वासिन्दाको जीवनशैली साँच्चै नै तीतो यथार्थ हो । यसरी हरेक कविता नेपाली जीवन शैली,

क्षेत्र, रहनसहन, आचरणसँग सम्वन्धित जीवनका कटू यथार्थ घटना तथा दृष्यसँग सम्वन्धित रहेकाले यो यथार्थवादी कविताको एउटा उदाहरण हो ।

### ३.३ राष्ट्रिय चरित्रको महत्त्व गाउनु

राष्ट्रका विभिन्न क्षेत्रमा उल्लेखनीय कार्य गरी प्रेरणाका स्रोत बनेका व्यक्तिहरूको कार्यलाई विषयवस्तु बनाई कविता लेख्ने कार्यमा प्रह्लाद पोखेल सफल मानिन्छन् । यसैगरी नेपालका विभिन्न क्षेत्रमा महत्वपूर्ण योगदान दिने व्यक्तिहरूको चरित्र, महत्त्व तथा व्यक्तित्त्वको गुणगान गाइएका कविताहरू प्रस्तुत 'कुहिराको कम्बल' सङ्ग्रहमा सङ्गृहीत छन् । 'एउटा तारा ओभ्रेल पर्दा' कवितामा साहित्यकार श्याम गोतामेका कार्यहरूको गुणगान गाइएको छ । साहित्य साधनमा निरन्तर लागिरहने गोतामेले नेपाली साहित्यमा त्यसमा पनि विशेष गरी हास्यव्यङ्ग्यको फाँटमा दिएको योगदान साह्रै सराहनीय छ । उनको लेखनीले साहित्यिक क्षेत्र साह्रै फराकिलो र चम्किलो भएको थियो । तरबार भन्दा शक्तिशाली कलमको प्रयोग गरेर समाजमा मौलिदै गएका बिसङ्गति र असङ्गतिका हाँगाहरूलाई छप्काउन सफल कवि श्याम गोतामेको बयान यहाँ गरिएको छ । देश र जनताको लागि आफ्नो ज्यानको समेत पर्वाह नगरी निरङ्कुशताको विरूद्ध लाग्ने वीर पुरूष गणेशमान सिंहको व्यक्तित्त्वको गुणगान 'स्वाभिमान !' कवितामा गरिएको छ । कविले मात्र होइन धेरै बुभ्रने र मूल्याङ्कन गर्ने मानिसहरूले उनलाई पहाड जस्तै अटल, नेपाली जनताका अभिभावक र रक्षक देखे भन्दै यहाँ उनका कार्यहरूको वयान गरिएको छ । उनी यतिसम्म साहसी थिए कि आगो, आँधी, कोर्रा र मृत्युसँग पनि नडराई तानाशाहको विरूद्व अधिकार प्राप्तिका लागि लडिरहन्थे । त्यसैगरी  सर्वोच्च शिखर सगरमाथा आरोहण गरेर नेपाल र नेपाली महिलाहरूको नाक उच्च राख्न सफल भएकी पासाङ ल्हामुको अदम्य साहसलाई यहाँ व्यक्त गरिएको छ । मुहानबाट पलाएको कञ्चन पानी जस्तै स्वच्छ, सरल, मिलनसार र परिश्रमी पासाङ स्वाभिमानी र पुरूषार्थी थिइन । उनी नेपाली महिलाहरूलाई उत्साह बढाउने र प्रेरणाकी स्रोत हुन् ।  त्यस्तै सुन्दरे शेर्पा, आङरिता र तेन्जिङ जस्ता साहसी व्यक्तिहरूको कार्य र महत्त्वको बारेमा यहाँ स्पष्ट व्याख्या गरिएकाले राष्ट्रिय चरित्रको महत्त्व गाउनु यस सङ्ग्रहको विशेषता हो ।

### ३.४ देशप्रेम

देशमा दिनप्रतिदिन बढ्दै गएको अन्याय, अत्याचार, हत्या हिंसाले देशलाई तहसनहस पारेकाले ती त्यस्ता यावत् विकृतिलाई अन्त्य गरी सबैमा देशभक्तिको भावना जागोस् भन्ने उद्देश्यले लेखिएका प्रह्लाद पोखेलका कविताहरू प्रस्तुत 'कुहिराको कम्बल' कवितासङ्ग्रहमा प्रशस्त छन् । आफ्नो जीवनलाई सार्थक बनाउन र देशको सर्वाङ्गीण विकासका लागि सबैले अविश्वास र सङ्कीर्णता त्यागेर सामूहिकरूपमा देश विकासमा

लाग्न आह्वान गरिएका कविताहरू यस सङ्ग्रहमा छन् । 'धिक्कार' कवितामा देशप्रति अलिकति पनि माया नराखी देशलाई सर्वनाश पार्दै लाज पचाएर व्यक्तिगत स्वार्थपूर्तिमा लाग्नेप्रति दह्रो आक्रोश व्यक्त भएको छ । स्वार्थसिद्धका लागि जस्तो सुकै अनैतिक काम गर्न पछि नपर्ने माथिल्लो तहमा पुगेर नीति नियम बदलेर आफ्नो दुनो सोभ्याउन खोज्ने अगुवाहरूलाई बेलैमा ठीक लगाएर देशभक्तिको भावना भएका व्यक्तिलाई अगाडि लगाउनु पर्छ भन्ने भाव 'धिक्कार' कवितामा व्यक्त भएको छ । त्यस्तै 'रोइरहेको माटो' कवितामा हामीले व्यक्तिगत स्वार्थपूर्तिका लागि देशलाई क्षतविक्षत बनाउन नहुने कुरा स्पष्ट पारिएको छ । जतातते आतङ्क सन्त्रास, महामारी जस्ता कार्यले देश सधैं रोइरहने र मातृभूमिको सराप लाग्नेछ भन्दै यस कवितामा अनैतिक कार्यलाई जरैदेखि उखलेर फाली समुन्नत राष्ट्रको निर्माणमा लाग्नुपर्ने राष्ट्रवादी भावना यहाँ व्यक्त गरिएको छ । हामी आफ्नो दायित्व तथा कर्तव्य बुझी राष्ट्र निर्माणका लागि सबै अविश्वास र अराजकतालाई हटाई माटो मलिन बनाउन लाग्नुपर्ने कुरा व्यक्त गरिएको छ । साथै राष्ट्रका हरेक क्षेत्रमा नयाँ सम्भावना र प्रतिभाको प्रस्फुटनका लागि उपयुक्त वातावरण हुनुपर्ने भाव 'कलिलो संचेतना' कवितामा व्यक्त भएको छ । राष्ट्र निर्माणका लागि खनखान, मलजल गरी विवेक र चेतनाको बीउ छरेर गोडमेल गरी पसिनाको पानीले सिञ्चित नगर्ने हो भने राष्ट्र  र राष्ट्रिय प्रतिभाको विकास हुन नसक्ने कुरा 'कलिलो संचेतना' कवितामा व्यक्त भएको छ । त्यस्तै समाजको कुनै न कुनै क्षेत्रमा उल्लेखनीय कार्य गरेर आफ्नो र देशको नाम उच्च राख्ने व्यक्तित्वहरूबाट प्रेरणा लिई सम्पूर्ण नागरिकमा देशभक्तिको भावना जागृत गराउने कविताहरू यस सङ्ग्रहमा रहेकाले यो देशभक्तिको भावना उजागर गर्ने सङ्ग्रह हो ।

### ३.५ व्यङ्ग्यवादी प्रवृत्ति

कवि प्रह्लाद पोखेल व्यङ्ग्य कवि पनि हुन् । उनी जीवन र जगत्का विषमता, विकृति, अन्याय जस्ता विसङ्गतिलाई सरल भाषाशैलीका माध्यमबाट व्यङ्ग्य हान्ने गर्छन । उनको व्यङ्ग्य शैली सरल भइकन पनि चोटिलो छ । 'प्रस्तुत कुहिराको कम्बल' सङ्ग्रहमा व्यङ्ग्यले भरिएका कविताहरू प्रशस्त छन् । व्यङ्ग्यमा समाजका राजनीति, आर्थिक, शैक्षिक, भौगोलिक लगायत विभिन्न विषयवस्तुलाई आधार मानी त्यहाँ भित्रका कुरीति, कुसंस्कार, अन्याय, अत्याचार, भ्रष्टाचार असमानता जस्ता पक्षलाई उदिनी त्यसमाथि वाण हाल्ने काम गरिन्छ । प्रस्तुत सङ्ग्रहमा पनि यही कार्य भएको छ ।

प्रस्तुत 'कुहिराको कम्बल' कवितासङ्ग्रहमा विभिन्न पक्षलाई उठाउँदै व्यङ्ग्य हानिएको छ । हाम्रो ऐतिहासिक धरोहरको रूपमा रहेको धरहरालाई कसैले पनि वास्ता नगरेकाले आज यसको महत्त्व कम हुँदै गएको तर्फ छेड हान्दै ढल्न आँटेको कुरा व्यक्त भएको छ भने जङ्गलमा आज आकर्षक वन्यजन्तुहरू वस्नुका साटो मानवरूपी राक्षसहरू

बस्ने गरिकाले जङ्गलमा आज मङ्गल वा कचिङ्गल छ भन्ने व्यङ्ग्य गरिएको छ । आफ्नो धरातल वा स्थान भुलेर एक्कासि माथि पुगेको मान्छेप्रति यस सङ्ग्रहमा तिखो प्रहार भएको छ । जसरी हातो नभएको जाँतोको कुनै महत्त्व हुँदैन त्यसरी नै ज्यान मात्र भएको मान्छेको वा सातो नभएको मान्छेको कुनै महत्त्व हुँदैन भन्ने व्यङ्ग्य गरिएको छ । नेता र जनतावीचको सम्बन्धमाथि गरिएको व्यङ्ग्य अझ रोचक छ । जस्तै :

हाम्रो बानी व्यवहार पनि अत्यन्त समान छ ।

ऊ मलाई ढोग्छ ।

र म पनि उसलाई ढोग्छु

फरक यत्ति हो

कि ऊ मलाई पाँच वर्षमा एकपटक ढोग्छ

म उसलाई सधैँभरि ढोग्छु ।

यसरी जीवनका विविध पक्षलाई समेट्दै र त्यसमाथि व्यङ्ग्य प्रहार गर्दै लेखिएको उक्त सङ्ग्रह व्यङ्ग्य कविताहरूको पनि सङग्रह हो ।

**३.६ प्रकृतिप्रेम**

कवि प्रह्लाद पोखेल प्रकृतिप्रेमी कवि पनि हुन् । उनले प्रस्तुत ‘कुहिराको कम्बल’ कवितासङ्ग्रहमा प्रकृतिको वर्णन पर्याप्त मात्रामा गरेका छन् । प्राकृतिक सुन्दरता तथा हिमाल, उकाली, ओराली, भञ्ज्याङ, पहाड, जङ्गल, नदी जस्ता विविध वस्तुहरूको वर्णन यहाँ पाइन्छ । हुम्लाको र माथिल्लो मुस्ताङको प्रकृतिको यथार्थ चित्रण क्रमशः ‘कुहिराको कम्बल’ र ‘एउटा सानो नेपाल’ कवितामा व्यक्त भएको छ । हुम्लामा रहेका लिमाटाङ माथिको पहाड, सिमिकोट मानसरोबर जाने बाटो, सैपाल हिमाल, सुरूङ जस्ता घर साह्रै आकर्षक र मन लोभ्याउने खालका छन् भन्दै वयान गरिएको छ । विशेष गरी ‘ठे’ गाउँको प्रकृति साह्रै जीवन्त देखिन्छ । बाह्रै महिना कुहिराले ढाकेको त्यहाँको जनजीवन अन्य ठाउँको भन्दा धेरै फरक छ । त्यस्तै मुस्ताङ र मुस्ताङको माथिल्लो भागमा पाइने प्रकृति र जनजीवन पनि आश्चर्य लाग्दो छ । त्यहाँको कालीगण्डकी नदी, शालिग्राम, साथै त्यहाँका समर, लोमान्थाङ, चैले, चराङ घमी गाउँहरूमा उपयुक्त हावापानी नहुँदा राम्रो अन्न उब्जिन नसकी प्रायः सधैँ जसो अनिकाल खेप्नुपर्ने प्रकृतिले ठगेको यथार्थता ‘एउटा सानो नेपाल’ कवितामा छ । प्रकृतिलाई मानवीकरण गरी लेखिएको कविता ‘पानी र प्रकृति’ हो । यसमा पनि प्रशस्त प्राकृतिक वस्तुहरूको वर्णन गरिएको छ । पहाड, भञ्ज्याङ, उपत्यका, खोल्सो पाखा, पहरा, हरियो वस्ती जस्ता शव्दहरूको प्रयोग गरी प्रकृतिको वर्णन गरिएकाले यहाँ प्रकृतिप्रेम स्पष्ट झल्किन्छ । भीर पाखा र पहरामा ठोकिदै चिप्लिदै र जङ्गल पार गर्दै उँधोतिर बग्ने पानीको विशेषतालाई पनि कलात्मक ढङ्गले व्यक्त गरिएको छ । यसको

अलावा सुदूरपूर्वको प्राकृतिक विविधतालाई 'उँभोतिर' कवितामा व्यक्त गरिएको छ । पाथीभरा जाने क्रममा बाटामा पाइने उकाली, ओराली, नागी, तीनजुरे, डुडेपानी, डरलाग्दा पहरा, जङ्गल र त्यहाँ पाइने जङगली जनावरले मनै लोभ्याउँछन् । कञ्चनजङ्घा र पाथीभरा मन्दिरको दृष्य साह्रै वर्णनीय छ । त्यहाँ पुगेपछि जो सुकै पनि त्यहाँको दृष्य हेरेर लट्ठ पर्छ । यस्तो प्रकृतिप्रति असीम माया राख्ने र त्यसबाट प्रेरित भएर लेखिएको 'उँभोतिर' कविता निश्चय नै प्रकृतिप्रेमको उत्कृष्ठ उदाहरण हो ।

यसरी हेर्दा 'कुहिराको कम्बल' सङ्ग्रहलाई उपर्युक्त विभिन्न प्रवृत्तिका आधारमा विश्लेषण गरिए पनि मूलत यथार्थवादी प्रकृतिप्रेम र व्यङ्ग्यवादी प्रवृत्ति यहाँ सशक्त ढङ्गले व्यक्तिएको छ । मुख्य तीन प्रवृत्तिका आधारमा उनको सङ्ग्रहले राम्रो उँचाइ पाएको छ ।

# परिच्छेद -चार

# उपसंहार

वि.सं. २०१४ कार्तिक १२ गते खोटाङको रावा कुभिण्डेमा जन्मिएका प्रह्लाद पोखेलले १६ वर्षको कलिलो उमेरदेखि नै साहित्य साधनमा लागी तीन दशकको अवधिमा आठवटा पुस्तकाकार कृति प्रकाशित गरिसकेका छन् । आजको आकाश (संयुक्त कवितासङ्ग्रह) २०४२, गीतियात्रा (गीति कवितासङ्ग्रह)-२०५१, जीवन्त यात्रा (कवितासङ्ग्रह)-२०५२, गोसाँइकुण्ड (यात्राकाव्य/खण्डकाव्य)-२०५६, सारथि (कवितासङ्ग्रह)-२०५८, खोटाङ डायरी (डायरी काव्य/खण्डकाव्य)२०६१, कुहिराको कम्बल (कवितासङ्ग्रह)-२०६२ र आजको आकाश (संयुक्त कवितासङ्ग्रह) २०६३ पोखेलका पुस्तकाकार कृतिहरू हुन् । नेपाली कविताको आधुनिक कालको समसामयिक धारा (२०३०) पछिका कवि प्रतिभाहरू शैलेन्द्र साकार, कविताराम, हरि अधिकारी, मञ्जु काँचुली, मीनबहादुर विष्ट, विनोद अश्रुमाली, अशेष मल्ल, विष्णुविभु घिमिरे, विमल निभा आदिका विचमा प्रह्लाद पोखेलको पनि नाम जोडिएको छ । उनी तीसको दशक यताका सशक्त कविहरूमध्ये एक हुन् । यसरी उनले नेपाली साहित्यलाई आधा दर्जन भन्दा बढी कृतिहरू दिएर नेपाली साहित्यलाई धनी बनाउनुको साथै आफ्नो नामलाई समेत उच्च बनाएका छन् ।

वि.सं. २०३० सालमा 'नेपाल' पत्रिकामा प्रकाशित 'वसन्त' कविताबाट कवितायात्रा सुरू गरेका प्रह्लाद पोखेलले कविका रूपमा पाठकहरूसँग निरन्तर संवाद तथा निकट सम्वन्ध कायम गरेको पाइन्छ । उनका कविताले विभिन्न वर्गका पाठकहरूलाई लक्षित गरेका छन् । त्यो लक्ष्य कसैलाई व्यङ्ग्य गर्नमा र कसैलाई सहानुभूति प्रकट गर्नमा प्रयोग भएको देखिन्छ । पोखेल छन्दमुक्त र छन्दयुक्त कविताका स्रष्टा हुन् । उनी आफ्ना कविताबाट पीडित, शोषित र अपहेलित जनताको भावनालाई उद्देलित र आन्दोलित गर्छन । उनको भाषा जन सामान्यको भाषा हो र जनसामान्यका आकाङ्क्षा र पीडालाई कविताको मूल विषयवस्तु बनाएर उनले नेपाली समसामयिक धारालाई प्रभावित गरेका छन् ।

प्रस्तुत 'कुहिराको कम्वल' पोखेलको २०४८ सालदेखि २०६० सालसम्म लेखिएका फुटकर गद्य कविताहरूको सङ्ग्रह हो । यसमा सङ्कलित एकचालीसवटा कविताहरूमा विभिन्न उखान र टुक्काहरूको प्रयोग भएका छन् । ती समाजमा लामो समयदेखि चलन चल्तिमा आएका र दैनिकरूपमा प्रयोग गरिदै आएका छन् । उखान र टुक्का प्रयोग गर्दा कविताको भाव वा आशय अझ खुलस्त हुन्छ साथै कविता स्मरणीय बन्छ । यो सङ्ग्रहभित्र

प्रयुक्त केही टुक्काहरू बढी प्रचलित छन् अर्थात परापूर्वकालदेखि चल्दै र प्रयोग हुँदै आएका छन् भने केही नवीन खालका छन् जुन कवि स्वयम्ले नै जन्माएका हुन् । प्रचलित टुक्काहरूमा 'घरबार जमाउनु', 'मुटु काम्नु', 'थाङ्नामा सुताउनु', 'मुटु पग्लिनु', 'पाती चढाउनु', 'थुक चाट्नु', आदि पर्दछन् भने 'हिलोमा भासिनु', 'चमेरो बन्नु', 'विर्को लाग्नु' जस्ता थोरै टुक्काहरू नौला छन् । अधिकांश उखानहरू व्यङ्ग्यार्थमा आएका छन् । जसले सामाजिक, राजनीतिक, आर्थिक र शैक्षिक जस्ता क्षेत्रमा देखिएका विसङ्गतिमाथि तिखो प्रहार गरेका छन् । 'यता हेर्‍यो बेहाल उता हेर्‍यो गोलमाल', 'ल्हासामा सुन छ कान मेरो बुच्चै', 'धमिलो पानीमा माछा मार्नु' जस्ता उखानहरू बढी व्यङ्ग्यार्थकमा आएका छन् । मानवीय कमजोरीहरूमाथि चोटिलो प्रहार गरिएका उखानहरूमा 'उचालेको कुकुरले मृग मार्दैन', 'मनको लड्डु घिउसित खानु' रहेका छन् । यी उखानहरू कार्य गर्न सम्वन्धित व्यक्ति स्वयम् सक्षम हुनुपर्छ नत्र अर्काको भरले र सहयोगले सधैँ काम सफल हुन सक्दैन र कार्य भन्दा बढी कल्पना गर्ने मानवीय स्वभावले गर्दा कतिपय मीठा सपनाहरू तथा योजनाहरू त्यसै विलाएर जान्छन् भन्ने कुराका राम्रा उदाहरण हुन् । व्यक्तिगत हितका लागि समाजलाई दुःख दिने वा आडम्वरपूर्वक बाँच्न चाहने प्रवृत्तिलाई अभिव्यक्त गर्न उखानहरू सफल छन् ।

यसरी प्रस्तुत 'कुहिराको कम्बल' कवितासङ्ग्रहमा उखान टुक्काको प्रयोग प्रशस्त गरिएको नभए पनि जहाँ जसरी आएका छन् सार्थक भएर आएका छन् । यिनले कविताको व्यङ्ग्यधर्मितालाई प्रभावकारी ढङ्गले उजागर गरेका छन् । साथै पाठकका लागि कविता स्मरणीय बनेका छन् ; खुलेका छन् ।

# सन्दर्भग्रन्थ सूची


१. आर.के धर्मस्थली, राजेन्द्र प्रसाद अधिकार, प्रह्लाद पोखेल, जीवराज घिमिरे र आशीष शैली, *आजको आकाश* (संयुक्त कवितासङ्ग्रह), काठमाडौँ, प्रतिभा प्रकाशन २०६३ ।

२. कृष्णचन्द्र सिंह प्रधान, *साझा समालोचना,* काठमाडौँः साझा प्रकाशन २०५२ ।

३. केशवप्रसाद उपाध्याय, *साहित्य प्रकाश* पाँचौं सं. काठमाडौँ, साझा प्रकाशन २०४९।

४. ताना शर्मा, *नेपाली साहित्यको इतिहास,* काठमाडौँ, साझा प्रकाशन २०४८ ।

५. दयाराम श्रेष्ठ, *नेपाली साहित्यका केही पृष्ठ,* काठमाडौँः साझा प्रकाशन २०४८ ।

६. प्रह्लाद पोखेल, *खोटाङ डायरी,* काठमाडौंः आँखा स्वयम्सेवीप्रकाशन २०६१ ।

७. -------- *कुहिराको कम्बल,* काठमाडौँः प्रज्ञा पेशा प्रकाशन २०६२

८. बासुदेव त्रिपाठी र अन्य (सम्पाः), *नेपाली कविता* भाग-४ तेस्रो सं., ललितपुर : साझा प्रकाशन २०५४ ।

९. वासुदेव त्रिपाठी र अन्य (सम्पा) *नेपाली कविता* भाग-१ पाँचौं सं. ललितपुर २०५७ ।

१०. *बृहत् नेपाली शब्दकोश* पाँचौँ सं. काठमाडौँः ने.रा.प्र.प्र. २०६० ।

११. मोहन हिमांशु थापा, *साहित्य परिचय,* सं. काठमाडौँ, साझा प्रकाशन २०५५ ।


**अध्ययनपत्रहरू :**


१. हरिहर चापागाई "*परिभाषित आँखाहरू* उपन्यासको कृतिपरक अध्ययन" अप्र. अध्ययनपत्र, त्रि.वि.वि. काठमाडौँ-२०६० ।

२. भगवती ज्ञवाली "*प्रह्लाद पोखेलको कृतित्वको विश्लेषण*" अप्र. अध्ययनपत्र पद्मकन्या कलेज काठमाडौँ२०६१ ।